नेपाल सरकार (सचिवस्तर) बाट स्वीकृत
निर्णय मितिः २०७०/९/१

# पशु स्वास्थ्य कार्यक्रम कार्यान्वयन कार्यविधि
# २०७०

## नेपाल सरकार
## कृषि विकास मन्त्रालय

# पशु स्वास्थ्य कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७०

**प्रस्तावना**

मुलुकको अर्थतन्त्रको महत्वपूर्ण स्थान ओगटेको पशुपालन व्यवसायलाई व्यवस्थित र विकसित तुल्याउन र मानव समुदायको स्वास्थ्यका दृष्टिकोणबाट समेत पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीको स्वस्थ उत्पादन, बिक्री वितरण, उपभोग तथा निकासी पैठारी गर्ने सम्बन्धमा प्रभावकारी रुपमा कार्यान्वयन गर्न पशु स्वास्थ्य कार्यक्रम संचालन गर्न आवश्यक भएकोछ ।

पशुवस्तुमा बिभिन्न समयमा संक्रामक महामारीको रुपमा देखा परी पशु तथा पशुजन्य उत्पादनमा कमि आई कृषकहरुमा ठूलो आर्थिक क्षति पुर्‍याउने रोगहरुको सर्भिलेन्स, अन्वेषण, पहिचान, रोकथाम, नियन्त्रण तथा अनुगमनका कार्यहरु कार्यान्वयन गर्न पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ र सो को नियमावली, २०५६ को मर्म र भावना अनुरुप कृषि विकास मन्त्रालयले यो कार्यविधि तर्जुमा गरी लागु गरेको छ ।

### १. संक्षिप्त नाम र प्रारम्भः

(क) यो कार्यविधिको नाम पशु स्वास्थ्य कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७० रहेको छ ।
(ख) यो कार्यविधि तत्काल लागु हुनेछ ।

## परिच्छेद १

## पशु स्वास्थ्य नियमन् कार्यक्रम कार्यान्वयन

### भूमिका

पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा २५ बमोजिम नियुक्त भएका वा तोकिएका भेटेरिनरी निरिक्षकले पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ को नियम १९ को भेटेरिनरी निरिक्षकको काम, कर्तव्य र अधिकारमा व्यवस्था गरिएका भेटेरिनरी निरिक्षण सम्बन्धी कार्यलाई तोकिएको जिल्लामा प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने सिलसिलामा जिल्ला पशु सेवा कार्यालय अन्तर्गत भेटेरिनरी निरिक्षकको प्रत्यक्ष संलग्नतामा संचालन गर्ने गरी पशु स्वास्थ्य नियमन/भेटेरिनरी निरिक्षण सम्बन्धि कार्यक्रम तर्जुमा गरी देशका पचहत्तरै जिल्लाहरुमा लागु गरिएको छ। पशु स्वास्थ्य नियमन् कार्यक्रम तोकिएको जिल्लाहरुमा प्रभावकारी कार्यान्वयनको लागि यो कार्यविधि तर्जुमा गरी लागु गरिएको छ।

### १. संक्षिप्त नाम र प्रारम्भः

(क) यो कार्यविधिको नाम पशु स्वास्थ्य कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७० रहेको छ।
ख) कार्यविधिको परिच्छेद १ पशु स्वास्थ्य नियमन कार्यक्रम सम्पादन गर्ने प्रयोजनको लागि तत्काल लागु हुनेछ।

### २. परिभाषाः

(क) **जैविक पदार्थ (वायोलोजिकल्स)** भन्नाले पशु विकास तथा पशु स्वास्थ्यको लागि प्रयोग गरिने जीवाणु वा विषाणुयुक्त औषधि, खोप वा जैवीक रसायन सम्झनु पदर्छ।

(ख) **पशु** भन्नाले जुनसुकै प्रकारका पाल्तु वा जंगली जनावर सम्झनु पर्छ र सो शव्दले पंक्षी र माछालाई समेत जनाउंछ।

(ग) **पशुजन्य पदार्थ** भन्नाले पशुको मासु, रगत, बोसो, पित्त, दूध, फुल, हाड, छाला, सिंग, खुर, प्वांख, उन, भुत्ला, रौं, भ्रुण, वीर्य, ग्रन्थी, मल, मूत्र वा सोबाट बनाएको अप्रशोधित वस्तु सम्झनु पर्छ।

(३) **पशु उत्पादन सामग्री** भन्नाले पशु स्वास्थ्यमा, कृत्रिम गर्भाधानमा वा जैवीक पदार्थ उत्पादनमा उपयोग हुने प्रशोधित वा अप्रशोधित सामग्री सम्झनु पर्छ।

(८.) **संक्रामक रोग** भन्नाले पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को अनुसूचिमा उल्लेखित रोगहरु र नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका अन्य रोगहरुलाई समेत जनाउंछ।

### ३. पशु स्वास्थ्य नियमन् कार्यक्रमको उद्देश्यः

(क) भेटेरिनरी औषधि तथा जैवीक पदार्थ, पशुपन्छी फार्म, ह्याचरी र पशु नश्ल सुधारको गुणस्तर कायम गर्ने ।
(ख) पशु सेवा सम्बन्धी ऐन नियम तथा स्विकृत मापदण्डहरुको प्रभावकारी कार्यान्वयन गर्ने ।
(ग) पशु सेवा विभागबाट स्वीकृत मापदण्डहरु कार्यान्वयन भए नभएको अनुगमन गर्ने ।
(३) जैवीक पदार्थको आयात निर्यात तथा उपयोग निर्धारित मापदण्ड अनुसार भए नभएको नियमन तथा अनुगमन गर्ने ।
(८.) भेटेरिनरी औषधि तथा जैविकी उत्पादन, प्रशोधन, बिक्रि, वितरण गर्ने स्थानको अनुगमन र निरिक्षण गर्ने ।
(च) भेटेरिनरी औषधि तथा जैविकी उत्पादन तथा प्रशोधन र बिक्रि, वितरण गर्न अनुमतीको लागि विभागमा दिएको निवेदन अनुसार विभागले माग गरे बमोजिम स्थलगत निरिक्षण गरी प्रतिवेदन पेस गर्ने ।
(५) नमूना संकलन, ह्याण्डलिंग र सम्प्रेषण गर्ने ।
(ज) भेटेरिनरी निरिक्षकको कार्य कुशलता र क्षमता अभिबृद्धि गर्ने र निरिक्षण कार्यलाई उपलब्धि मूलक बनाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न मार्ग दर्शन गर्ने ।

## ४. भेटेरिनरी निरिक्षकको काम, कर्तब्य र अधिकारः

पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ को नियम १९ मा भेदेरिनरी निरिक्षकको काम, कर्तव्य र अधिकारको सम्बन्धमा देहाय वमोजिमको व्यवस्था गरिएको छः

(क) पशुजन्य पदार्थ, पशु उत्पादन सामग्रि, पशु औषधि वा जैविक पदार्थको गणस्तर जांच गर्ने वा जांच गर्नका लागि सोको नमूना संकलन गरी विभागले तोकेको प्रयोगशालामा पठाउने,
(ख) म्याद नाघेका पशु औषधि, जैविक पदार्थ वा पशु उत्पादन सामग्री भेटिएमा नियम १९ को निर्देशिका पुरा गरी नष्ट गर्ने र सोको जानकारी विभागमा लेखी पठाउने,
(ग) पशु औषधि वा जैविक पदार्थको विक्रि वितरण आधिकारिक व्यक्तिबाट भए वा नभएको जांच गरी विभागलाई जानकारी गराउने,
(घ) कुनै व्यवसायीक फार्मले पशुलाई नियमित रुपमा खोप दिए वा नदिएको, जैवीक सुरक्षाका उपायहरु अवलम्बन गरे वा नगरेको जांच गर्ने,
(ङ) खण्ड (३) बमोजिम जांच गर्दा कुनै पशुमा रोग लागेको पाइएमा वा सोको शंका लागेमा त्यस्तो पशुलाई नष्ट गर्न वा छुट्टै राख्न आदेश दिने वा बिक्रि वितरण गर्न रोक्का गर्ने र सो कुराको जानकारी यथाशिघ्र विभागलाई दिने,
(च) यस नियमावली बमोजिम विभागबाट सिफारिस पत्र वा अनुमतिपत्र प्रदान गरिएकोमा सो बमोजिम भए वा नभएको निरिक्षण गरी विभाग समक्ष प्रतिवेदन पेश गर्ने,
(छ) पशु नश्ल सुधार सम्बन्धमा स्थलगत रुपमा सुझाव संकलन गरी विभागमा पठाउने,
(ज) पशु नश्ल सुधार लागु गरिएको क्षेत्रमा भाले जातको पशुहरुलाई खसी पार्ने कार्य गराउने,
(झ) पशु नश्ल सुधार सम्बन्धमा जनचेतना अभिबृद्धि गर्न प्रचार प्रसार गर्ने,
(ञ) पशु नश्ल सुधारको लागि पशुहरुको जाती र वीर्यको प्रयोग सिफारिस अनुसार भए वा नभएको अनुगमन गर्ने,

(ट) विभागले तोकि दिएका अन्य काम गर्ने वा गराउने ।

## ५. पशु औषधि तथा जैविक पदार्थको भण्डारण सम्बन्धि व्यवस्थाको निरिक्षण:

भेटेरिनरी निरीक्षकले पशु औषधी, जैविक पदार्थ व्यवस्थापन तथा विक्री वितरण सम्वन्धी गुणस्तर जांच गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) पशु औषधी वा खोप वा जैविक पदार्थ बिक्रेताको पसल आधिकारिक निकायमा दर्ता भएको छ वा छैन ।

(ख) औषधी विक्रेताले मान्यता प्राप्त तोकिएको निकायबाट औषधी बिक्री गर्न पाउने प्रमाणपत्र प्राप्त गरेको छ वा छैन । छ भने सो प्रमाणपत्रको नम्बर नोट गर्नु पर्नेछ । छैन भने कहिले देखि यस्तो कार्वाही भई अएको छ ।

(ग) औषधी पसलमा सम्वन्धीत निकायमा दर्ता नभएका औषधी राखिएको छ वा छैन । यदि दर्ता नभएका औषधि राखिएका छन् भने निम्नानुसार विवरण संकलन गर्ने ।

| दर्ता नभएका औषधिको नाम | दर्ता नभएका औषधिको कम्पोजिसन | परिमाण | उत्पादनकर्ताको नाम, ठेगाना |
|---|---|---|---|
| | | | |
| | | | |

(घ) विक्रेताले औषधीलाई समुहगत रुपमा वा उपयुक्त तरिकाबाट राख्ने गरेको छ वा छैन ।

**औषधि राख्ने तरिकाको निरिक्षण:** पसलमा औषधिहरु एन्टीवायोटिक, एन्थेल्मीन्टीक आदि के कस्तो समूहमा छ छैन अवलोकन गर्ने । राखिएको भए कुन कुन समूहमा राखिएको छ लेख्ने ।

(ङ) विकेताले विषादि र पशु औषधी छुट्टा छुट्टै राख्ने गरेको छ वा छैन ।

(च) जैविक पदार्थ वा खोपलाई खोपको प्रकृती अनुसार चौबिसै घण्टा उपयुक्त शीत भण्डारमा राख्ने गरेको छ वा छैन ।

**पसलमा रेफ्रिजिरेटरमा राख्नु पर्ने कुन कुन औषधि तथा खोप छन् ?**

- कोल्डचेन मेन्टेन गर्न जेनेरेटर वा अन्य के व्यवस्था गरिएको छ ।
- रफ्रिजेरेटर राखिएको भए चालु अवस्थामा छ छैन हेर्ने ।

(छ) म्याद नाघेको वा टुटे फुटेको औषधी वा खोप वा जैविक पदार्थ सम्बन्धित कम्पनीबाट नयां बदल्ने हिसाबले (Settlement) राख्नु पर्ने भएमा त्यस्ता औषधीलाई एक कार्टुन वा बोरामा राखी **म्याद नाघेका र टुटे फुटेका पशु औषधी** भनी लेबुल टाँसी विक्री कक्ष भन्दा अलग स्थानमा राखि सोको Settlement को लागि कारवाही चलाएको प्रमाण पसलमा राख्ने गरेको छ वा छैन ।

(ज) भेटेरिनरी निरीक्षकले निरीक्षणको कममा म्याद नाघेको पशु औषधी वा जैविक पदार्थ विकी कक्षमा फेला पारेमा यस्ता औषधी वा जैविक पदार्थलाई नियम १८ को कार्य विधि पुरा गरी नष्ट गर्ने र सोको जानकारी विभागमा लेखि पठाउने ।

(झ) कम्पनीवाट नयां बदल्ने हिसावले वुंदा ७ बमोजिम गरी राखेका वाहेक म्याद नाघेको वा टुटे फुटेका औषधी पसलको कुनै पनि भागमा राखेको फेला परेमा नष्ट गर्नु पर्नेछ ।

(ञ) **औषधि पसल निरीक्षण गर्दा फाराम भर्ने:** भेटेरिनरी निरिक्षकले कुनै पनि भेटेरिनरी अैंषधि पसलको पहिलो पटक निरिक्षण गर्दा (भेटेरिनरी गुणस्तर तथा औषधि व्यवस्थापन कार्यालयको भेटेरिनरी औषधि पसल निरिक्षण गर्न तर्जुमा गरेको) अनुसूची १ वमोजिमको फाराम भरी अभिलेख राख्ने । एक पटक निरिक्षण गरेको भेदेरिनरी, औषधि पसलको पुनः निरिक्षण गर्नु पर्दा अनुसूची २ वमोजिमको फाराम भरी अभिलेख राख्नु पर्नेऽ ।

(६) पशु औषधी पसलको जांच गर्दा इजाजत पत्रमा उल्लेख भए बमोजिमको नाम साइन वोर्डमा लेखिएको नपाइएमा त्यस्तो वोर्डलाई तुरुन्त हटाउन लगाउने र साइनवोर्ड नपाइएमा तुरुन्त राख्न लगाउनु पर्नेछ ।

(७) कुनै व्यक्तिले आधिकारीक निकायमा पसल दर्ता नगरेको वा व्यवसायी प्रमाणपत्र नलिई पशु औषधी पसल संचालन गरेको पाइएमा भेटरीनरी निरीक्षकले सोको जानकारी पशु सेवा विभागमा गराउनु पर्नेछ ।

## ६. पशु वा पन्छी फार्म र ह्याचरीको भेटेरिनरी निरिक्षण तथा अनुगमनः

- भेटेरिनरी निरिक्षकले आफ्नो कार्य क्षेत्र भित्र रहेका सरकारी, गैरसरकारी वा निजी क्षेत्रबाट स्थापित पशु, पन्छी फार्म र ह्याचरीको भेटेरिनरी निरिक्षण तथा अनुगमन गर्नुपर्नेछ ।
- पक्षी फार्म तथा ह्याचरीले विभागबाट स्वीकृत ह्याचरी तथा पोल्ट्री ब्रिडिंग फार्मको मापदण्ड, २०६२ अनुसार कार्य गरे नगरेको निरिक्षण गर्ने ।
- ह्याचरी तथा पोल्ट्री ब्रिडिंग फार्मको मापदण्ड, २०६२ अनुसार कार्य गरे नगरेको निरिक्षण गर्दा मापदण्डमा उल्लेखित जैवीक सुरक्षा नअपनाएको भए मापदण्ड अनुसार गर्न म्याद तोकि लिखित सुझाव दिई गर्न लगाउने ।
- व्यवसायीक पशु पंक्षी फार्मले पशु पक्षीलाई नियमित रुपमा खोप दिएको र जैविक सुरक्षाका उपायहरु अवलम्बन गरी अभिलेख राखे नराखेको निरिक्षण जांच गर्ने ।
- पशु स्वास्थ्य तथा पशु सेवा नियमावली बमोजिम विभागबाट सिफारिस पत्र वा अनुमति पत्र प्रदान गरिएकोमा सो बमोजिम कार्य भए नभएको निरिक्षण गरी प्रतिवेदन पेश गर्ने ।
- प्यारेन्ट स्टक फार्म निरिक्षण गर्दा अनुसूची ३, ब्रोइलर पोल्ट्री फार्म निरिक्षण गर्दा अनुसूची ४, व्यवसायीक लेयर्स पोल्ट्री फार्म निरिक्षण गर्दा अनुसूची ५, व्यवसायिक बंगुर फार्म निरिक्षण गर्दा अनुसूची ६ बमोजिमका फारामहरु प्रयोग गर्नु पर्नेछ ।
- कुनै पनि नीजि फार्मले फार्म प्रयोजनको लागि बाहेक अन्य प्रयोजनको लागि खोप वा अन्य जैवीक पदार्थ राखे नराखेको निरिक्षण गरी अभिलेख राख्ने ।
- फार्मको प्रयोजनको लागि जैवीक पदार्थ राख्नु पर्दा सो पदार्थको प्रकृति अनुसार उपयुक्त तापक्रममा भण्डार गर्ने व्यवस्था गरे नगरेको निरिक्षण गरी अभिलेख राख्ने ।
- पशु पंक्षी फार्म वा ह्याचरीको निरिक्षण गर्दा कुनै पशुमा शंका भएमा रोगको प्रकृति हेरी उपयुक्त संख्यामा नमूना संकलन गरी परिक्षणको लागि तोकिएको प्रयोगशालामा सुरक्षित साथ पठाउनु पर्नेछ ।
- पशु पक्षी फार्म वा ह्याचरीको निरिक्षण गर्दा कुनै पशुमा पशु स्वास्थ्य तथा पशु सेवा नियमावलीको अनुसूची १० मा उल्लेखित कुनै संक्रामक रोग लागेको पाइएमा वा लाग्न सक्ने संका लागेमा त्यस्तो पशुलाई प्रचलित नियमानुसार पशुको किसिम र रोगको प्रकृति

हेरी नियमानुसार छुट्टै राख्न वा बिक्रि बितरण गर्न रोक्का गर्न लगाउने र सो को जानकारी यथाशिघ्र विभागलाई गराउने ।

- नियमावलीको अनुसूची १० मा उल्लेखित कुनै संक्रामक रोग लागेको पाइएमा वा लाग्न सक्ने शंका लागी अलग राख्न आदेश दिईएका पशु पक्षी वा संक्रमित वस्तुको उपयुक्त नमूना संकलन गरी तोकिएको प्रयोगशालामा परिक्षणको लागि सुरक्षित साथ पठाउने । परिक्षणको नतिजा प्राप्त भएपछि सम्वन्धीत पशु धनीलाई सो बारे जानकारी गराउने ।

## ७. पशु औषधि पसल, पशु पंक्षी फार्म, ह्याचरी, मासु पसल, वधस्थल, वधशालाको तथ्यांक व्यवस्थापन गरि प्रतिवेदन पेश गर्ने

- जिल्लामा अवस्थित पशु औषधि पसल, पशु पंक्षी फार्म, ह्याचरी, मासु पसल, बधस्थल, वधशालाको तथ्यांक संकलन गरी व्यवस्थित गर्ने तथा सो को प्रतिवेदन क्षेत्रीय पशु सेवा निर्देशनालय, पशु स्वास्थ्य निर्देशनलायमा पठाउने ।

## ८ पशु स्वास्थ्य घुम्तिकोष व्यवस्थापन

- पशु स्वास्थ्य घुम्तिकोषको सम्बन्धमा निर्धारित निर्देशिका अनुसार गरी गराई नियमित प्रतिवेदन पेश गर्ने ।
- घुम्तिकोषलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन चौमासिक रुपमा घुम्तिकोष संचालनार्थ वैठक आयोजना गर्ने ।
- घुम्तिकोषको श्रेष्ता प्रणालिलाई व्यवस्थीत वनाउने र सो को यथार्थ विवरण पशु स्वास्थ्य निर्देशनालयमा चौमासिक रुपमा पठाउने ।
- घुम्तिकोषबाट प्राप्त उपलब्धिको चौमासिक प्रतिवेदन पशु स्वास्थ्य निर्देशनालय तथा सम्बन्धीत क्षेत्रीय पशु सेवा निर्देशनालयमा पठाउने ।

## ९ पशु स्वास्थ्यकर्मी दर्ता, नविकरण तथा परिचालन

- जिल्ला पशु सेवा कार्यालय अन्तर्गतको क्षेत्रमा कार्यरत निजी पशु स्वास्थ्य सेवा प्रदायकहरुको विवरण संकलन गरि जिल्ला पशु सेवा कार्यालयमा दर्ता गरि राख्ने र निजहरुलाई परिचय पत्र उपलब्ध गराउने ।
- नीजि क्षेत्रबाट पशु स्वास्थ्य सेवा पुर्‍याउने ग्रा.प.स्वा.का., पशु स्वास्थ्यमा संलग्न प्राविधिक, पशु चिकित्सकहरुको दर्ता, नविकरण गरि जिल्लामा दर्ता तथा नविकरण पुस्तिका राखी संचालन गर्ने ।
- जिल्लामा नीजि क्षेत्रबाट प्रदान गरिने पशु स्वास्थ्य सेवाको विवरण उतार गरि राख्ने र सो को विवरण पशु स्वास्थ्य निर्देशनालयमा समेत पठाउने ।

## १० भेटेरिनरी नियमन तथा जनचेतनामूलक कार्यक्रम संचालन

- एन्टीवायोटिक्स (ड्रग) रेसिड्यु, एन्टीवायोटिक्स रेसिसटेन्स, प्रुडेन्ट युज अफ एन्टीवायोटिक्स सम्वन्धमा पशु सेवामा कार्यरत प्राविधिकहरुसंग अन्तरक्रिया गर्ने ।
- भेटेरिनरी ऐन नियम, मापदण्ड सम्वन्धी चेतनामुलक कार्यक्रम संचालन गर्ने ।
- National Veterinary Service/WTO/SPS/Zoonotic Disease सम्वन्धी चेतनामुलक कार्यक्रम/गोष्ठि
- पशु कल्याण सम्वन्धमा जिल्ला स्तरमा सरोकारवालाहरुसंग अन्तरक्रिया गर्ने ।
- जिल्लामा नीजि क्षेत्रबाट प्रदान गरिने पशु स्वास्थ्य सेवाको विवरण उतार गरि राख्ने र सो को विवरण पशु स्वास्थ्य निर्देशनालयमा समेत पठाउने ।
- पशु स्वास्थ्य प्रमाणिकरण गर्ने र सो को चौमासिक विवरण पशु स्वास्थ्य निर्देशनालयमा पठाउने ।

## ११ पशु स्वास्थ्य नियमन् कार्यको अभिलेखीकरण र प्रतिवेदनः

- भेटेरिनरी निरिक्षकले आफुलाई प्राप्त जिम्मेबारी र लक्षित कार्यक्रम समयमा नै पुरा गरी भए गरेको प्रगति सम्वन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएर राख्नु पर्नेछ ।
- भेटेरिनरी निरिक्षकले गरेको पशुपक्षी फार्म, ह्याचरी, औषधि पसल, उद्योग निरिक्षण, घुम्तिकोष व्यवस्थापन, उद्योग खोल्न प्राविधिक सिफारिस लगातयका नियमावलीमा तोकिएका अन्य कार्यहरु सम्बन्धी निरिक्षण प्रतिवेदनको अभिलेख राख्ने, सुचना संकलन तथा विश्लेषण गर्ने र चौमासिक रुपमा पशु स्वास्थ्य निर्देशनालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ । यसरी प्राप्त सूचना सामग्रिको विश्लेषणात्मक प्रतिवेदन आवश्यक नीतिगत निर्णयार्थ विभागमा पेश गर्नुपर्नेछ ।
- भेटेरिनरी निरिक्षकले सूचनाको सम्बेदनशिलता र गोपनीयताको ख्याल गरी सूचना चुहावट हुनबाट सतर्क हुनु पर्नेछ ।
- पशु स्वास्थ्य तथा पशु सेवा ऐन नियम विपरित कार्य गर्ने व्यक्तिलाई भेटेरिनरी निरिक्षकले ऐन नियम सम्मत कार्य गर्न लिखित सुझाव दिनु पर्नेछ ।

## १२. श्रोत साधनको व्यवस्थाः

- जिल्ला पशु सेवा कार्यालयमा प्राप्त कार्यक्रम तथा वजेट प्रचलित आर्थिक ऐन नियम अनुसार संचालन गर्नु पर्नेछ ।

## १३. विविध कार्य तथा निर्देशन कार्यान्वयन गर्नेः

- पशु सेवा विभाग वा पशु स्वास्थ्य निर्देशनालय र मातहतका निकायहरुबाट भेटेरिनरी निरिक्षणको लागि खटिएका कर्मचारीलाई आवश्यक सूचना सामग्री तथा निरिक्षणस्थल पुग्न पथप्रदर्शनको व्यवस्था मिलाउने लगायतका आवश्यक सहयोग गर्ने ।

- पशु सेवा विभाग अन्तरगतको पशु पक्षी आयात निर्यात तथा सिफारिस समितिले दिएको निर्देशन बमोजिम कार्य गरी सहयोग गर्ने ।
- जिल्ला पशु सेवा कार्यालयले जिल्लामा संचालन हुने पशु स्वास्थ्य नियमन् कार्यक्रम प्रभावकारी बनाउन कार्यक्रम संचालन गर्नु पूर्व जिल्ला पशु सेवा कार्यालय र अन्तरगतका पशु सेवा केन्द्र तथा उपकेन्द्रमा कार्यरत कर्मचारीहरुलाई पशु स्वास्थ्य निर्देशनालय समेतको सहभागितामा नियमन कार्यक्रम कार्यान्वयन कार्यबिधि सम्वन्धमा बिस्तृत छलफल तथा अन्तरक्रिया गरी जानकारी गराउने ।
- जिल्ला पशु सेवा कार्यालयहरुले पशु स्वास्थ्य नियमन कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न मातहतमा कार्यरत कर्मचारीहरुलाई समन्वयात्मक रुपमा परिचालन गरी कार्यक्रम संचालन गर्ने ।
- जिल्ला पशु सेवा कार्यालयहरुले पशु स्वास्थ्य नियमन कार्यक्रम अन्तर्गत भए गरेका कार्यहरुको समिक्षात्मक प्रगति सम्बन्धीत कार्यालयको बार्षिक पुस्तिकामा प्रकाशन गर्ने ।
- निरिक्षणको क्रममा स्वीकृत नीति वा मापदण्ड विपरित कुने कार्य भए गरेको देखिएमा पशु स्वास्थ्य निर्देशनालयमा अविलम्ब जानकारी गराउने ।
- भेटेरिनरी गुणस्तर तथा औषधि व्यवस्थापन कार्यालयबाट निरिक्षणको लागि खटिएका कर्मचारीले म्याद नाघेका औषधि नष्ट गर्न लाग्दा साक्षी बस्ने र नष्ट गर्न सहयोग गर्ने ।
- निरिक्षण गर्दा शंकास्पद वा न्यून गुणस्तर हुन सक्ने जैविकी तथा भेटेरिनरी औषधि परिक्षणको लागि भेटेरिनरी गुणस्तर तथा औषधि व्यवस्थापन कार्यालयमा तोकिए बमोजिमको विधि अवलम्बन गरी पठाउने र अभिलेख राखी नियमित रिपोर्टिंग गर्ने तथा सम्बन्धीत सबै सरोकारवालाहरुसंग समन्वय गर्ने ।
- जिल्लामा पशु स्वास्थ्य नियमन् तथा भेटेरिनरी निरिक्षण सम्बन्धी सम्पूर्ण कार्यको जवाफदेहिता भेटेरिनरी निरिक्षक तथा कार्यालय प्रमुखको हुनेछ ।
- कार्यक्रम संचालन गर्दा प्राप्त वजेट खर्च गर्दा निरिक्षण अनुगमन क्रममा आवश्यक निसंक्रमणमा प्रयोग हुने औषधि लगायतका सामग्री, संचार, सवारी साधन, इन्धन, प्रचार प्रसार व्यवस्थापन, अनुगमनका क्रममा आवश्यक पर्ने मास्क, ग्लोवस, एप्रोन, गमवुट जस्ता सामग्री आदिमा गर्नु पर्नेछ । साथै कार्यक्रमको सफल कार्यान्वयन गर्न स्थानिय स्तरमा समेत आवश्यकता अनुसार अन्तरक्रिया छलफल गरी गर्नु पर्नेछ ।

## अनुसूचि १

### भेटनरी निरीक्षकले पहिलो पटक भेटनरी औषधी पसल निरीक्षण गर्दा प्रयोग गर्नुपर्ने चेकलिष्ट (Check- list) फाराम:

१. औषधी पसलको नाम र ठेगाना:
२. औषधी पसलको नाम (बोर्डमा लेखेको) र इजाजत पत्रको नाम मिले/नमिलेको:
३. दर्ता भएको कार्यालयको नाम:
इजाजत पत्र दर्ता नम्बर:
दर्ता मिति:
म्याद समाप्त हुने मिति:
४. औषधी पसल धनीको नाम, थर:
५. धनीको शैक्षिक योग्यता:
औषधी बिक्री सम्बन्धि तालिम:
६. औषधी बिक्री गर्न सहयोग गर्नेको:
नाम, थर:
शैक्षिक योग्यता:
तालिम:
७. विषादि र भेटेरिनरी औषधी एउटै पसलमा राखे / नराखेको:
८. म्याद नाघेको औषधी बिक्री कक्ष भित्र राखे / नराखेको:
९. म्याद नाघेको औषधी पाईएको भए के के भेटिएको ? त्यसको नाम र उत्पादकको नाम, ठेगाना:
१०. पशु औषधी वा खोप वा जैविक पदार्थ आधिकारिक व्यक्तिबाट मात्र पसल दर्ता भएको पसलबाट बिक्री वितरण गरे /नगरेको
११. कानून अनुसार दर्ता नभएको औषधी पसलमा भए / नभएको:
१२. कानून अनुसार दर्ता नभएको औषधी पसलमा भेटिएको भए के के भेटिएको ?
तिनीहरुको नाम र उत्पादकको नाम, ठेगाना:
१३. म्याद नाघेको औषधी अलग राख्ने तरिका बारे जानकारी भए / नभएको:
१४. यदि यसबारे जानकारी भएमा सही तरिकाबाट राखी क्भततभिभलत को लागि कारवाही गरेको प्रमाण भए / नभएको:
१५. औषधी पसलमा भेटनरी खोप वा जैविक पदार्थ राखे / नराखेको:
१६. यदि खोप, जैविक पदार्थ राखेको भए के के खोप, जैविक पदार्थ कसरी राखेको छ ?
१७ रेफ्रिजेरेटर संचालन समय:
१८ जेनरेटर भए वा अन्य विद्युत आपूर्ति व्यवस्था भए नभएको (भएको अवस्थामा विवरण उल्लेख गर्ने)
१९ म्याद नाघेको खोप वा जैविक पदार्थ भेटे / नभेटेको:
२० म्याद नाघेको औषधी, खोप वा जैविक पदार्थ भेटीएको भए सोको लागि गरिएको कारवाही:
२१ निरीक्षणको क्रममा पसल धनी/बिक्रीकर्तालाई दिएको सुझावहरु:
२२ भेटेरिनरी निरीक्षकको टिप्पणी:

भेटेरिनरी निरीक्षकको :
नाम थर :
दस्तखत :
मिति :

## अनुसूचि २
## एक पटक निरीक्षण गरिसकेको भेटनरी औषधी पसल निरीक्षण गर्नुपर्दा प्रयोग गर्नुपर्ने चेकलिष्ट (Check- list) फाराम

एक पटक निरीक्षण भै सकेको भेटनरी औषधी पसल निरीक्षण गर्दा तल उल्लेख भए अनुसारको चेकलिष्टमा आधारित विषयवस्तुको विवरण लिनु पर्नेछ ।

१ औषधी पसलको नाम र ठेगाना:
२ दर्ता भएको कार्यालयको नाम:
३ इजाजत पत्र दर्ता नम्बर:
४ दर्ता मिति:
५ म्याद समाप्त हुने मिति
६ पशु औषधी वा खोप वा जैविक पदार्थ आधिकारिक व्यक्तिबाट मात्र पसल दर्ता भएको पसलबाट विकी वितरण गरे /नगरेको
७. विषादि र भेटनरी औषधी एउटै पसलमा राखे / नराखेको:
८. म्याद नाघेको औषधी विकी कक्ष भित्र राखे / नराखेको:
९. म्याद नाघेको औषधी पाईएको भए के के भेटिएको ? त्यसको नाम र उत्पादकको नाम, ठेगाना:
१०. नियमानुसार दर्ता नभएको औषधी पसलमा भए / नभएको:
११. नियमानुसार दर्ता नभएको औषधी पसलमा भेटिएको भए के के भेटिएको ? तिनीहरुको नाम र उत्पादकको नाम, ठेगाना:
१२. म्याद नाघेको औषधी अलग राख्ने तरिका बारे जानकारी भए / नभएको:
१३. यदि यसबारे जानकारी भएमा सही तरिकाबाट राखी क्भततभिफभलत को लागि कारवाही गरेको प्रमाण:
१४. औषधी पसलमा भेटनरी खोप वा जैविक पदार्थ राखे / नराखेको:
१५. यदि खोप वा जैविक पदार्थ राखेको भए के के खोप वा जैविक पदार्थ कसरी राखेको छ ?
१६. रेफ्रिजेरेटर संचालन समय:
१७. जेनरेटर भए / वा अन्य विद्युत आपूर्ति ब्यवस्था भए नभएको (भएको अवस्थामा विवरण उल्लेख गर्ने)
१८. म्याद नाघेको खोप, जैविक पदार्थ भेटे / नभेटेको: (भेटिएको अवस्थामा पूर्ण विवरण उल्लेख गर्ने)
१९. म्याद नाघेको औषधी, खोप वा जैविक पदार्थ भेटीएको भए सोको लागि गरिएको कारवाही:
२०. निरीक्षणको क्रममा पसल धनी/विकीकर्तालाई दिएको सुझावहरु:
२१. भेटनरी निरीक्षकको टिप्पणी:

भेटेरिनरी निरीक्षकको :
नाम थर :
दस्तखत :
मिति :

**अनुसूची ( ३**
**व्यवसायिक माउ (Parent) पोल्ट्री ब्रिडिङ फार्म र ह्याचरी निरीक्षण गर्दा**
**प्रयोग गर्नु पर्ने फरामको नमूना**

१. फार्मको नाम र ठेगाना :
२. स्थापना मिति :
३. फर्म धनीको नाम र ठेगाना :
४. फार्मको क्षमता (वर्ग फिट) : प्रयोग भएको खाली
५. पोल्ट्रीको जात :
६. आयात गरेको विवरण :
 भाले संख्या :
 पोथी संख्या :
 आयात गरेको देशको नाम :
 आयात गरेको फार्मको नाम ठेगाना :
७. हालको पोल्ट्री विवरण :

| उमेर | भाले | पोथी | कूल | प्रतिहप्ता अण्डा उत्पादन |
|---|---|---|---|---|
| क) ०-८ हप्ताको | | | | |
| ख) ९ -२० हप्ताको | | | | |
| ग) २१ - ४८ हप्ताको | | | | |
| घ) ४९ - ७२ हप्ताको | | | | |

८. प्रति हप्ता चल्ला उत्पादन संख्या :
९. चल्ला मृत्यु दर %
१०. खोप तालिका भए / नभएको
११. कुन कुन खोप लगाएको रु (रेकर्डवाट नोट गर्ने)
१२. कुल अण्डा उत्पादन र वर्ष
१३. इन्कुवेटरको क्षमता
१४. वार्षिक अण्डा सेटिङ संख्या :
१५. प्रजनन प्रतिशत (Fertility%)
१६. ह्याचिविलिटी (चल्ला उत्पादन) %
१७. ह्याचरको क्षमता :
१८. जैविक सुरक्षा संवन्धी व्यवस्था :
 क) बार वन्देज, गेट भए / नभएको
 ख) वाहिरी जनावर, चरा पंछी भित्र पस्नवाट रोक्ने व्यवस्था भए / नभएको
 ग) गेटमा खुट्टा सफा निःसंक्रमण गर्ने व्यवस्था भएर नभएको
 घ) नि :संक्रमण तालिका भए / नभएको
 ङ) फाहोर फ्याक्ने ढल र मरेको चल्ला गाड्ने व्यवस्था भए / नभएको

च) नि:संक्रमण गर्ने तरिका :

छ) आगन्तुक र कर्मचारीहरुको सर सफाई व्यवस्था

१९. ह्याचिङ अण्डाको स्वस्थता र ढुवानीको व्यवस्था : राम्रो / सन्तोषजनक / वेठिक

२०. दाना भण्डारण व्यवस्था राम्रो / ठीकै / नराम्रो

२१ खोप तथा औषधीको भण्डारण सवन्धी व्यवस्थाः

२२. रोग सवन्धी विवरण :

क) निरीक्षणको समयमा रोगी /शंकास्पद पोल्ट्रीको संख्या :

ख) एभिएन इन्ल्फूएन्जा र माइकोप्लाज्मा वा अन्य कुनै संक्रामक रोगको शंका भए / नभएको

ग) रोगी पोल्ट्री छुट्याई राख्ने व्यवस्था भए / नभएको

घ) पोल्ट्री ब्रिडिङ फार्म र ह्याचरीमा साल्मोनेला रोगको अनुगमन प्रणाली भएर नभएको
भएको भए अध्यावधिक रेकर्ड राखिएको / नराखिएको

ङ) प्रचलित मापदण्ड वमोजिम नमूना संकलन गरे / नगरेको

च) संकलित नमूनाहरु कुन प्रयोगशालामा परीक्षणको लागी पठाईएको ?

छ) फार्म र ह्याचरीमा प्राइभेट पशु चिकित्सक भए / नभएको

२३. भेटेरिनरी निरीक्षकको टिप्पणीः

भेटेरिनरी निरीक्षकको :

नाम थर :

दस्तखत :

मिति :

## अनुसूची ४
## ब्रोइलर पोल्ट्री फार्म निरीक्षण गर्दा प्रयोग गर्नु पर्ने फारामको नमूना

१. फार्मको नाम र ठेगाना :
२. स्थापना मिति :
३. फर्म धनीको नाम र ठेगाना :
४. फार्मको क्षमता (वर्ग फिट) :
५. पोल्ट्रीको जात
६. चल्ला किनेको फार्मको नाम :
७. बथानको विवरण : संख्या :
   ० - ४ हप्ताको
   ५ - ८ हप्ताको
८. चल्लाको मृत्यु दर %
९. कुन कुन रोग विरुद्ध खोप लगाएको ? (रेकर्ड अनुसार नोट गर्ने)
१०. सरदर विक्रि गर्ने तौल (के.जि.)
११. सरदर विक्रि गर्ने उमेर (हप्तामा)
१२. जैविक सुरक्षा संवन्धी व्यवस्था
   क) बार वन्देज, गेट भए / नभएको
   ख) वाहिरी जनावर, चरा पंछी भित्र पस्नवाट रोक्ने व्यवस्था भए / नभएको
   ग) गेटमा खुट्टा सफा निःसंक्रमण गर्ने व्यवस्था भए /नभएको
   घ) नि :संक्रमण तालिका भए /नभएको
   ङ) फाहोर फ्याक्ने ढल र मरेको चल्ला गाड्ने व्यवस्था भए /नभएको
   च) निःसंक्रमण गर्ने तरिका :
   छ) आगन्तुक र कर्मचारीहरुको सर सफाई व्यवस्था
१३. दाना भण्डारण व्यवस्था राम्रो ठीकै नराम्रो
१४ खोप तथा औषधीको भण्डारण सवन्धी व्यवस्थाः
१५. रोग सवन्धी विवरण :
   क) निरीक्षणको समयमा रोगी संकास्पद पोल्द्रीको संख्या :
   ख) एभिएन इन्ल्फूएन्जा र माइकोप्लाज्मा वा अन्य कुनै संक्रामक रोगको शंका भए /नभएको
   ग) रोगी पोल्द्री छुट्याई राख्ने व्यवस्था भए /नभएको
   घ) पोल्द्री व्रिडिङ फार्म र ह्याचरीमा साल्मोनेला रोगको अनुगमन प्रणाली भए /नभएको
      भएको भए अध्यावधिक रेकर्ड राखिएको /नराखिएको
   ङ) प्रचलित मापदण्ड वमोजिम नमूना संकलन गरे / नगरेको
   च) संकलित नमूनाहरु कुन प्रयोगशालामा परीक्षणको लागी पठाईएको ?
   छ) फार्म र ह्याचरीमा प्राइभेट पशु चिकित्सक भए / नभएको

२३. भेटेरिनरी निरीक्षकको टिप्पणीः

भेटेरिनरी निरीक्षकको :

नाम थर :
दस्तखत :
मिति :

## अनुसूची ५

## व्यवसायीक लेयर्स पोल्ट्री फार्म निरीक्षण गर्दा प्रयोग गर्नु पर्ने फारामको नमूना

१. फार्मको नाम र ठेगाना :

२. स्थापना मिति :

३. फर्म धनीको नाम र ठेगाना :

४. फार्मको क्षमता (वर्ग फिट) :

५. पोल्ट्रीको जात

६. चल्ला किनेको फार्मको नाम :

७. हालको पोल्ट्री विवरण :

| उमेर | भाले | पोथी | कूल | प्रतिहप्ता अण्डा उत्पादन |
|---|---|---|---|---|
| क) ०-८ हप्ताको | | | | |
| ख) ९ -२० हप्ताको | | | | |
| ग) २१ - ४८ हप्ताको | | | | |
| घ) ४९ - ७२ हप्ताका | | | | |

८. चल्ला मृत्यु दर %

९. कुन कुन रोग विरुद्ध खोप लगाएको ? (रेकर्ड अनुसार नोट गर्ने)

१०. खोप तालिका भए र नभएको

११. कुन कुन खोप लगाएको (रेकर्डवाट नोट गर्ने)

१२ कुल अण्डा उत्पादन र वर्ष

१३. जैविक सुरक्षा संवन्धी व्यवस्था :
- क) बार वन्देज, गेट भए / नभएको
- ख) वाहिरी जनावर, चरा पंछी भित्र पस्नवाट रोक्ने व्यवस्था भए / नभएको
- ग) गेटमा खुट्टा सफा निःसंक्रमण गर्ने व्यवस्था भए / नभएको
- घ) नि :संक्रमण तालिका भए / नभएको
- ङ) फाहोर फ्याक्ने ढल र मरेको चल्ला गाड्ने व्यवस्था भए / नभएको
- च) निःसंक्रमण गर्ने तरिका :
- छ) आगन्तुक र कर्मचारीहरुको सरसफाई व्यवस्था

१४ दाना भण्डारण व्यवस्था राम्रो ठीकै नराम्रो

१५. विक्रि गर्ने उमेर :

१६ खोप तथा औषधीको भण्डारण सवन्धी व्यवस्थाः

१७. रोग सवन्धी विवरण :
- क) निरीक्षणको समयमा रोगी संकास्पद पोल्ट्रीको संख्या :
- ख) एभिएन इन्ल्फूएन्जा र माइकोप्लाज्मा वा अन्य कुनै संक्रामक रोगको शंका भए / नभएको
- ग) रोगी पोल्ट्री छुट्याई राख्ने व्यवस्था भए / नभएको
- घ) पोल्ट्री ब्रिडिङ फार्म र ह्याचरीमा साल्मोनेला रोगको अनुगमन प्रणाली भए / नभएको
  भएको भए अध्यावधिक रेकर्ड राखिएको / नराखिएको
- ङ) प्रचलित मापदण्ड वमोजिम नमूना संकलन गरे / नगरेको
- च) संकलित नमूनाहरु कुन प्रयोगशालामा परीक्षणको लागी पठाईएको ?
- छ) फार्म र ह्याचरीमा प्राइभेट पशु चिकित्सक भए / नभएको

१८. भेटेरिनरी निरीक्षकको टिप्पणीः
भेटेरिनरी निरीक्षकको :
नाम थर :
दस्तखत :
मिति

## अनुसूची ६
## व्यवसायिक वंगुर फार्म निरीक्षण अनुगमन गर्दा प्रयोग गर्नु पर्ने फारामको नमूना

१. फार्मको नाम र ठेगाना :
२. स्थापना मिति :
३. फर्म धनीको नाम र ठेगानाः
४. वंगुरको जात :
५. जैविक सुरक्षा संवन्धी व्यवस्था :
    क) बार वन्देज, गेट भए / नभएको
    ख) वाहिरी जनावर, चरा पंछी भित्र पस्नवाट रोक्ने व्यवस्था भए /नभएको
    ग) गेटमा खुट्टा सफा निःसंक्रमण गर्ने व्यवस्था भए / नभएको
    घ) नि :संक्रमण तालिका भए / नभएको
    ङ) फाहोर फ्याक्ने ढल र मरेको वंगुर गाड्ने व्यवस्था भए / नभएको
    च) निःसंक्रमण गर्ने तरिका :
    छ) आगन्तुक र कर्मचारीहरुको सर सफाई व्यवस्था
६. रोग सवन्धी विवरण :
    क) निरीक्षणको समयमा रोगी संकास्पद पशुको संख्याः
    ख) स्वाइन फिभर र खोरेत रोगको शंका भए / नभएको
    ग) रोगी लाई छुट्याई राख्ने व्यवस्था भए / नभएको
    घ) नमूना संकलन गरे / नगरेको
    च) संकलित नमूनाहरु कुन प्रयोगशालामा परीक्षणको लागी पठाईएको
    छ) फार्ममा प्राइभेट पशु चिकित्सक भए / नभएको

७. प्रजननको लागि पालिएका बंगुर संख्या (वर्षको शुरुमा र बर्षको अन्त्यको Herd Composition)

    क) माउ संख्या :..................

    ख) भूनी संख्या :..................

    ग) भाले संख्या :..................

    घ) पाठापाठी संख्या :................

८. भैरहेका पूर्वाधारहरुमा बंगुर राख्न सकिने संख्या :

    क) माउ संख्या :..................

    ख) भूनी संख्या :..................

    ग) भाले संख्या :..................

    घ) पाठापाठी संख्याः ........

९. प्रतिमाउ प्रति वर्ष व्याउने पटक (Litter Index)

१०. प्रति वेतमा जिवित र मृत जन्मेका  पाठापाठी संख्या :

११. जन्मेका  पाठापाठीको औषत तौल (के. जी. ) :

१२ प्रथम पटक वालि लाग्ने उमेर  ( दिनमा)  तौल (कें जी. )

१३ बालि गए पनि उल्टने प्रतिशत  : .........

१४ खोप तथा औषधीको भण्डारण सवन्धी व्यवस्थाः
१५. प्रतिरोधात्मकर उपचारको कार्यतालिका भए/ नभएको :

१६. भेटेरिनरी निरीक्षकको टिप्पणीः

भेटेरिनरी निरीक्षकको :
नाम थर :
दस्तखत :
मिति

## परिच्छेद २

## खोरेत रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन

### भूमिका

पशु स्वास्थ्यको क्षेत्रमा ठूलो समस्याको रुपमा बिद्यमान खोरेत रोगका कारण पशु पालक कृषकहरुले बर्षेनी ठूलो आर्थिक क्षती ब्यहोर्दै आएका छन् । अन्तराष्ट्रिय स्तरमा हाल सम्म भए गरेका अध्ययनहरुका नतिजानुसार पशु पालन क्षेत्रमा यस रोगले सरदर ३० प्रतिशत सम्म क्षती पुर्याई राखेको छ ।

बिश्व परिवेशमा हाल खोरेत रोगको प्रकोप नियन्त्रण गर्ने कार्य धेरै मुलुकमा सुरुवात भै सकेको सन्दर्भमा सार्क राष्ट्रहरुले समेत सन् २०२० सम्म यो क्षेत्रमा खोरेत रोग नियन्त्रण गर्ने प्रतिबद्धता जनाए अनुरुप नेपालमा यो रोग नियन्त्रणका कार्य संचालन गर्ने अत्यावश्यक भई सकेको छ । सोही प्रतिवद्धता अनुरुप नेपाल सरकारले सिमित साधन श्रोतको माध्यमबाट पशु पालनको क्षेत्रमा अग्रणी स्थान तथा रोग मुक्त क्षेत्र घोषणा गर्न उपयुक्त क्षेत्रहरुमा खोरेत रोग नियन्त्रणका प्रयासहरु शुरुवात गरिसकेको छ ।

पशुवस्तुमा बिभिन्न समयमा संक्रामक महामारीको रुपमा देखा परी पशु तथा पशुजन्य उत्पादनमा कमि आई कृषकहरुमा ठूलो आर्थिक क्षति पुर्याउने खोरेत रोगको सर्भिलेन्स, अन्वेषण, पहिचान, रोकथाम, नियन्त्रण, तथा अनुगमनका कार्य कार्यक्रम तोकिएको जिल्लाहरुमा प्रभावकारी कार्यान्वयनको लागि यो कार्यविधि तर्जुमा गरी लागु गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम पशु स्वास्थ्य कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७० रहेको छ ।

ख) कार्यविधिको परिच्छेद २ खोरेत रोग नियन्त्रण कार्यक्रम सम्पादन गर्ने प्रयोजनको लागि तत्काल लागु हुनेछ ।

**२. उद्देश्यः** यो कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ,

(१) विश्व पशु स्वास्थ्य संगठनले प्रस्ताव गरे अनुसार प्रोग्रेसिभ कन्ट्रोल पाथवेमा भएका प्रावधान अनुरुप क्रमशः खोरेत रोग नियन्त्रण गर्ने ।

(२) खोरेत रोग देखा परेको अवस्थामा तत्काल रोग निदान तथा नियन्त्रण कार्य संचालन गर्ने ।

(३) खोरेत रोगको महामारी अन्यत्र फैलिन नदिने तथा रोग नियन्त्रण कार्यमा सम्बन्धित सरोकारवालालाई समेत जिम्मेवारी सहित स्वतस्फूर्त रुपमा परिचालित गर्न, गराउने ।

(४) रोगका कारण पशुजन्य उत्पादनमा हुने गरेको क्षतीलाई न्यूनिकरण गरी पशु तथा पशुजन्य उत्पादनमा बृद्धि गरी कुल ग्राहस्त उत्पादन बृद्धिमा टेवा पुर्याउने ।

(५) खोरेत रोग नियन्त्रण गर्न जनचेतनामूलक सामग्री तयार गरी सुसुचित गर्ने ।

## ३. **खोरेत रोग नियन्त्रण कार्यक्रम संचालन मार्गदर्शन** :

खोरेत रोगले नेपालमा पशुपालन ब्यबसायमा वर्षेनि ठूलो आर्थिक नोक्सानी पुर्याउदै आएको छ । यो रोग संक्रमण गर्ने बिषाणु धेरै प्रजाती (Serotype; O, A, C, Asia-1, SAT-1, SAT-2, SAT-3) का हुनु तथा ती प्रजातीमा समेत बिभिन्न उपजाती रहनु नै खोरेत रोग नियन्त्रणमा प्रमुख समस्याको रुपमा रहेको छ । संसारमा हाल सम्म पत्ता लागेका खोरेत रोगका प्रजाती मध्ये नेपालमा हाल सम्म ओ., ए., सी र एसिया वान चार प्रजातीहरु मात्र देखा परेका छन । नेपालमा देखा परेका यी प्रजाती मध्ये सबभन्दा बढी ७० प्रतिशत ओ. प्रजाती रहेको देखिएको छ भने सी प्रजाती सन १९९६ पछि नेपालमा नभेटिएको प्रयोगशालाको तथ्यांकहरुले देखाउदछ । खोरेत रोग नेपालमा कहिले देखि देखा परेको भन्ने प्रष्ट तथ्यांक नभएतापनि धेरै पहिले देखी देखा पर्दै आईरहेको र मुलुकका यो रोग स्थापित भई सकेको सन्दर्भमा यो रोग नियन्त्रण गर्न खोप कार्य संचालन, जैविक सुरक्षाका उपाय अवलम्वन, तथा वृहत रोग सर्भेक्षण कार्य संचालन गर्न आवश्यक भएकोले खोरेत रोग नियन्त्रण कार्यविधि तयार गरी लागु गरिएकोछ ।

### (१) **रोग सम्वन्धी सूचना दिनु पर्ने** :

नेपालमा हालसम्म खोरेत रोग पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ मा सूचिकृत नभएको सन्दर्भमा देशको कुनै पनि स्थानमा खोरेत रोग देखा परेमा तत्काल सो सम्वन्धी जानकारी तत्काल सेवा केन्द्र वा उपकेन्द्रले सम्वन्धीत जिल्ला पशु सेवा कार्यालयमा, जिल्ला पशु सेवा कार्यालयले सम्वन्धीत क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशाला, क्षेत्रीय पशु सेवा निर्देशनालय, भेटेरिनरी इपिडेमियोलोजी केन्द, राष्ट्रिय खोरेत तथा महामारी रोग प्रयोगशाला तथा पशु स्वास्थ्य निर्देशनालयमा गराउनुपर्नेछ । रोग देखा परेमा नियन्त्रण गर्न आवश्यक व्यवस्थापन गर्ने जिम्मेवारी पशु स्वास्थ्य निर्देशनालय, क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशाला, क्षेत्रीय पशु सेवा निर्देशनालय तथा जिल्ला पशु सेवा कार्यालयहरुको हुनेछ ।

### (२) **खोप कार्यक्रम**

वार्षिक कार्यक्रममा स्वीकृत खोपको मात्रा अनुसार पशु सेवा विभाग अन्तर्गका कार्यालयहरुले रोगको जोखिम क्षेत्र निर्धारण गरि खोप कार्यक्रम संचालन गर्ने ब्यबस्था मिलाउनु पर्नेछ । पशु स्वास्थ्य निर्देशनालयबाट संचालित राष्ट्रिय खोरेत रोग नियन्त्रण कार्यक्रम अन्तर्गत तोकिएका जिल्लाहरुमा कार्यक्रम संचालन गर्दा निशुल्क खोप कार्यक्रम संचालन गरिने छ । खोप कार्य संचालन गर्न कार्यक्रममा व्यवस्था भए अनुसार आवश्यक खोप तथा खोप लगाउन आवश्यक अन्य सामग्रि पशु स्वास्थ्य निर्देशनालयले सम्बन्धित निकायहरुलाई उपलब्ध गराउनु पर्नेछ । भ्याक्सिनेसन कार्यक्रम पहिलो तथा तेस्रो चौमासिकमा सम्पन्न गर्नु पर्नेछ ।

खोप कार्यक्रम अन्तर्गत खोरेत रोगको जोखिममा रहेका सम्पूर्ण पशुहरुलाई खोप लगाउनु पर्ने भएता पनि सिमित श्रोत साधनका आधारमा रोग फैलन सक्ने सम्भावनालाई कम गर्न प्रत्येक जिल्लामा जिल्लाका जोखिम युक्त क्षेत्र, उन्नत पशुपालनका पकेट क्षेत्र, पशुहाट वजार क्षेत्र तथा सघन पशुपालन क्षेत्र पहिचान गरि ती क्षेत्रहरुमा खोप कार्यक्रम शुरु गरी उपलब्ध श्रोत साधनको आधारमा खोप कार्यक्रम बिस्तार गर्दै लगिने छ । यस्तो कार्य संचालन गर्दा देशका बिभिन्न स्थानमा रहेका स्थानिय

दुग्ध सहकारी संस्थाहरुसंग समन्वय तथा अन्तरक्रिया गरी रोग नियन्त्रण कार्यमा सकृय भूमिका निर्बाह गर्न उत्प्रेरित गरी परिचालन गर्ने र ती संस्थाहरुलाई खोप कार्यक्रम संचालन गर्न समेत अभिप्रेरित गरि खोप क्षेत्र विस्तार गर्न पहल गरिने छ ।

खोप लगाउन प्रयोग गरिने सिरन्ज निडिलको माध्यमबाट कुनै पनि रोग एक पशुबाट अर्को पशुमा सर्न सक्ने जोखिमतालाई मध्यनजर गर्दै प्रत्येक पशुलाई छुट्टा छुट्टै सिरिन्ज निडिल प्रयोग गरिने छ । खोप कार्यलाई सहज गराउन अटोमेटिक सिरन्जको प्रयोग गरी खोप कार्य संचालन गर्न प्रोत्साहन गरिने छ ।

खोप कार्यक्रमको प्रभावकारिताको अनुगमन गर्न खोप लगाईएका पशुहरुमा खोरेत रोग बिरुद्धे विकास भएको प्रतिरोधात्मक शक्तिको प्रत्याभूतीका लागि सिरोमनिटरिङ गर्ने कार्य संचालन गरिने छ । सिरोमनिटरिङ कार्य संचालन गर्न खोप लगाइएका पशु पहिचान आवश्यक हुनेहुंदा सो को लागि पशु धनिलाई खोप कार्ड/ट्याग/रंग आदि प्रयोग गर्न अभिप्रेरित गर्नुपर्नेछ र सो को रेकर्ड सम्वन्धीत जिल्ला पशु सेवा कार्यालयमा समेत राख्ने र आवश्यकता अनुसार प्रयोगशाला लगायतका अन्य निकायमा उपलब्ध गराउनु पर्नेछ ।

जिल्ला पशु सेवा कार्यालयहरुले भ्याक्सिन गर्नको लागि लक्षित पशु संख्या हेरी भ्याक्सिनेटर (ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता, निजी स्तरमा कार्यरत भटेरीनरी जेटी/जेटीए, ईच्छुक निजीस्तरमा कार्यरत पशु स्वास्थ्य प्राविधिक तथा आवश्यक परेको अवस्थामा सरकारी सेवामा रहेका प्राविधिकहरु) नियुक्त गरी काममा लगाउन पर्नेछ । यसरी कार्य संचालन गर्दा प्रत्येक भ्याक्सिनेटरलाई प्रति गोटा भ्याक्सिनेशन गरे वापत रु १० का दरले सेवा शुल्क दिनु पर्नेछ ।

खोप कार्य संचालन गर्न प्राविधिकहरुलाई पूर्ण रुपमा परिचालन गरी जिल्लामा रहेका श्रोत साधनको समेत अधिकतम उपयोग गरी समन्वयात्मक रुपमा खोप कार्यक्रम खोप शिबिरको रुपमा संचालन गर्नु पर्नेछ ।

### (३) खोरेत रोग नियन्त्रण कार्यक्रमको अनुगमन

खोरेत रोग नियन्त्रण कार्यक्रम संचालनको दौरान संचालित कार्यक्रमहरुको नियमित अनुगमन गरिनेछ । कार्यक्रम संचालनको दौरान गर्नु पर्ने अनुगमन तथा निरीक्षणको लागि केन्द्रीय स्तरमा पशु सेवा विभाग तथा अन्तरगतका केन्द्रीय निकायहरु, क्षेत्रीय स्तरमा क्षेत्रीय पशु सेवा निर्देशनालय, क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशालाहरु तथा जिल्ला स्तरमा जिल्ला पशु सेवा कार्यालयवाट निरन्तर रुपमा गर्नु पर्नेछ ।

### (४) रोग बिरुद्ध प्रतिरोधात्मक क्षमता अनुगमन

खोप लगाइएका पशुहरुमा खोरेत रोगको बिषाणु बिरुद्ध लड्न प्रतिरोधात्मक क्षमताको बिकास भएको हुनु पर्दछ । खोपको प्रभावकारीता परिक्षणको लागि क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशालाहरुले भ्याक्सिनेशन कार्य सम्पन्न भएको २१ दिन पश्चात खोप लगाएको क्षेत्रबाट परिक्षणका लागि खोप लगाइएको जम्मा पशु संख्याको ०.५ प्रतिशत वा पशु स्वास्थ्य निर्देशनालयको प्राविधिक निर्देशन

अनुसार आवश्यक संख्यामा सिरम संकलन गर्ने र राष्ट्रिय खोरेत तथा महामारी रोग प्रयोगशाला वा तोकिएको अन्य प्रयोगशालामा परिक्षणको लागि पठाउन पर्नेछ । क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशालाहरुले संकलित नमूनामा आवश्यक परिक्षण गरी थप परिक्षणको लागि राष्ट्रिय खोरेत तथा महामारी रोग प्रयोगशालामा परिक्षणको लागि पठाउनु पर्नेछ । राष्ट्रिय खोरेत तथा महामारी रोग प्रयोगशालामा प्राप्त नमूनाहरु परिक्षण पश्चात सो को नतिजा पशु स्वास्थ्य निर्देशनालय, सम्वन्धीत क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशाला तथा सम्वन्धीत जिल्ला पशु सेवा कार्यालयमा समेत अनिवार्य रुपमा पठाउन पर्नेछ । राष्ट्रिय खोरेत रोग नियन्त्रण कार्यक्रम संचालन भएका क्षेत्रमा नमूना संकलन तथा परिक्षणको लागि सम्बन्धित निकायलाई आवश्यक सिरन्ज, निडिल, फर्मेट, सिरम भाइल, सिरम भाइल वक्स, इलाइजा किट लगायतका अन्य आवश्यक सामग्रीहरु आवश्यकता अनुसार पशु स्वास्थ्य निर्देशनालयले उपलब्ध गराउनु पर्नेछ ।

**(५) खोरेत रोग सर्भिलेन्स :**

रोगको संक्रमणको जानकारी छिटो भन्दा छिटो भई रोग नियन्त्रण कार्य प्रभावकारी रुपमा संचालन गर्न देशभर नै प्रभावकारी रुपमा सर्भिलेन्स कार्यमा जोड दिनुका साथै राष्ट्रिय खोरेत रोग नियन्त्रण कार्यक्रम संचालन गरिने छ । सिमित श्रोत साधनलाइ दृष्टिगत गरी जिल्लाहरुमा सर्भिलेन्स कार्य संचालन गर्दा सिरोसर्भिलेन्सलाई महत्व दिनु पर्नेछ । सो कार्य गर्दा जिल्ला भित्र खोरेत रोगको जोखिम विश्लेषण गरि प्राप्त साधन श्रोत अनुसार प्रत्येक जिल्ला भित्र सर्भिलेन्स साइट छनौट गरी छानिएको साइट भित्रबाट आवश्यक नमूना संकलन गर्ने तथा अनुसुचि ४ अनुसारका विवरण सहित पठाउनु पर्नेछ । साथै रोग देखा परेको अवस्थामा अनुसुचि १ मा उल्लेखित फारममा विवरण भरि नमूना साथ पठाउनु पर्नेछ । साथै जिल्लामा रोगको नियमित अनुगमन गरी जिल्ला पशु सेवा कार्यालयले प्राप्त रिर्पोट कम्पाइल गरि प्रत्येक महिनाको पहिलो तथा तेश्रो वुधवार अनिवार्य रुपमा रिर्पोट पशु स्वास्थ्य निर्देशनालय/भेटेरिनरी इपिडेमियोलोजी केन्द्रमा पठाउनु पर्नेछ ।

तोकिएका सर्भिलेन्स रुटमा खटिई कार्य गर्न तथा सर्भिलेन्स कार्यको अनुगमन गर्न सरकारी सवारी साधनको उपलब्धता हुन नसक्ने अवस्थालाई मध्यनजर गरि प्रत्येक साइटमा प्रति सर्भिलेन्स रिर्पोटिंग गर्नको लागि इन्धन बापत रु. चार सय वरावरको खर्च गर्न सकिनेछ । साथै अनुगमन गर्न खटिने कर्मचारीको लागि समेत प्रत्येक साइटको अनुगमनको लागि रु चार सय वरावरको इन्धन खर्च उपलब्ध गराउनु पर्ने छ ।

जिल्लामा खोरेत रोग देखा परेको सूचना प्राप्त भएमा तत्काल सो सूचना प्रमाणिकरण गरि सो को सूचना पशु स्वास्थय निर्देशनालयमा पठाउनु पर्नेछ । रोगको शंकास्पद अवस्थामा अनुसुचि २ अनुसारको उपयुक्त नमूना संकलन गरि क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशाला वा राष्ट्रिय खोरेत रोग नियन्त्रण प्रयोगशालामा पठाउन पर्नेछ । नमूना संकलनको लागि आवश्यक नमूना संकलन किट राष्ट्रिय खोरेत तथा महामारी प्रयोगशालाले तयार गरी सम्बन्धित क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशालामा उपलब्ध गराउनु पर्नेछ । जिल्ला पशु सेवा कार्यालयहरुले आवश्यकता अनुसार नमूना संकलन किट क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशालाबाट प्राप्त गर्न सक्नेछन् । यसरी प्राप्त भएको नमूना राष्ट्रिय खोरेत रोग नियन्त्रण प्रयोगशालाले परिक्षण गरि प्राप्त नतिजा पशु स्वास्थ्य निर्देशनालय, भेटेरिनरी

इपिडेमियोलोजी केन्द्र, क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशाला तथा सम्वन्धित जिल्ला पशु सेवा कार्यालयमा पठाउनु पर्नेछ ।

**(६) आउटब्रेक नियन्त्रण**

खोरेत रोग देखा परेको क्षेत्रबाट रोग अन्यत्र फैलन नदिन जिल्ला पशु सेवा कार्यालयले पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ मा भएका प्रावधान अनुरुप आवत जावत तथा ओसार पसारमा प्रतिवन्ध लगाई जैविक सुरक्षाका उपायहरु अवलम्वन गर्न सुचित गर्ने तथा अनुसुचि ३ मा उल्लेख भएका विषयहरुमा अध्ययन गरि आवश्यक देखिएमा रिंग भ्याक्सिनेसन कार्य संचालन गर्नु पर्ने छ । रिंग भ्याक्सिनेसन कार्य संचालन भएका क्षेत्रमा समेत रोग देखा पर्न सक्ने संभावना रहने हुंदा सो क्षेत्रबाट समेत पशुवस्तुको आवतजावतमा नियन्त्रण तथा जैविक सुरक्षाका उपायहरु अवलम्वन गर्नु पर्नेछ ।

खोरेत रोग देखा परेका क्षेत्रमा पशु उपचारमा कार्यरत जनशक्तिबाट समेत रोग अन्यत्र फैलन सक्ने संभावना रहने हुंदा सो क्षेत्रमा कार्यरत पशु स्वास्थ्य कर्मिहरुले जैविक सुरक्षाका उपायहरु प्रयोग गर्ने (ग्लोभस, वुट, एप्रोन, डिस्इन्फेक्टेन्ट आदि) र संक्रमित फार्म वा परिसरबाट अन्य फार्म वा परिसरमा जांदा जैविक सुरक्षालाई गम्भिरताका साथ अवलम्बन गर्नु पर्ने छ र सो सम्वन्धमा जोखिम विश्लेषण गरि रोग सर्न सक्ने संभावना नदेखिएमा मात्र अन्य फार्ममा वा घरमा जाने गर्नु पर्नेछ ।

जिल्लामा खोरेत रोगको संक्रमण देखा परेमा संक्रामक रोग नियन्त्रण प्रकृयाहरु जस्तै-पशु ओसार पसार नियन्त्रण गर्ने, रिङ्ग भ्याक्सिनेसन गर्नु पर्ने क्षेत्र निर्धारण गरी आवश्यक भ्याक्सिन ब्यबस्थापन गरी भ्याक्सिनेसन गर्ने, आवश्यक उपचार गर्ने आदी) कार्य जिल्ला पशु सेवा कार्यलयले समन्वयात्मक रुपमा गर्नु पर्नेछ । सो को लागि आवश्यक खोप तथा अन्य सामग्री श्रोत साधन उपलब्ध भए सम्म पशु स्वास्थ्य निर्देशनालयले ब्यबस्थापन गर्नेछ र क्षेत्रीय पशु सेवा निर्देशनालय, क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशाला तथा सम्वन्धित जिल्ला पशु सेवा कार्यालयबाट नियन्त्रण कार्य कार्यान्वयन गर्नु पर्नेछ ।

**(७) दुग्ध सहकारीहरुसंग समन्वय**

दुग्ध उत्पादनमा लगायतका क्षेत्रमा भारी मात्रामा ह्रास गराउने आर्थिक दृष्टिले महत्वपूर्ण खोरेत रोगको प्रकोप न्यूनिकरण गर्न संगठित रुपमा संचालनमा रहेका दुग्ध सहकारीहरुलाई कार्यक्रममा आवद्ध गर्दै जाने लक्ष्य अनुरुप दूधको पकेट क्षेत्रको रुपमा विकसित भई रहेका मुलुकका बिभिन्न क्षेत्रका दुग्ध सहकारी संस्थाहरुसंग अन्तरक्रिया छलफल गरि रोग नियन्त्रणका लागि गर्नु पर्ने उपायहरुका साथै नीजिस्तरमा समेत खोरेत बिरुद्ध खोप लगाउन उप्रेरित गर्न जिल्ला पशु सेवा कार्यालयहरुले बिभिन्न सहकारीहरु संग अन्तरक्रिया गर्नु पर्नेछ । खोरेत बिरुद्ध लगाइने उपयुक्त खोप चाहिएको बखत बजारमा सहज रुपमा उपलब्ध हुने नसक्ने अवस्थालाई मध्यनजर गर्दै निजी स्तरमा गरिने खोप कार्यमा आवश्यक खोपको प्रवन्ध गर्न सम्वन्धीत जिल्ला पशु सेवा कार्यालयले दुग्ध सहकारीहरुसंगको छलफल पछि आवश्यक मात्रामा खोपको ब्यबस्थापन गर्न पशु स्वास्थ्य निर्देशनालय वा क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशालालाई अनुरोध गर्नु पर्नेछ । यसरी खोप लगांउदा कार्यबिधिमा उल्लेख भए अनुसार जनावर

पहिचान गरी खोप लगाईएका पशुहरुमा खोरेत रोग बिरुद्ध प्रतिरोधात्मक क्षमताको विकास भए नभएको जानकारी लिन यसै कार्यविधिमा उल्लेख भए अनुसार कार्यक्रम सम्पन्न गर्नु पर्नेछ ।

### (८) खोरेत रोग सम्बन्धी तथ्यांक संकलन तथा व्यवस्थापन

नेपालमा खोरेत इण्डेमिक रोगको रुपमा स्थापित रहेको र अर्थिक रुपमा पशुपालनको क्षेत्रमा यसबाट ठूलो क्षती पुगी रहेको सन्दर्भमा यो रोगबाट हुने गरेको क्षतीलाई न्यून गर्दै जाने उद्धेश्यका लागि खोरेत रोग सम्वन्धमा बिभिन्न किसिमले अनुसन्धान, विश्लेषण तथा रोगको सूचना आदान प्रदान गर्नका साथै रोग नियन्त्रणको लागि पूर्व तयारी गर्न समेत प्रत्येक जिल्लाका गा.वि.स/वडा स्तरमा रहेका पशुवस्तुको तथ्यांक संकलन गरिने छ । जिल्लास्तरमा तथ्यांक संकलन गर्दा विगतका वर्षहरुमा खोरेत रोग देखा परे नपरेको एकिन गर्न सो संग सम्बिन्धित तथ्यांकहरु समेत संकलन गर्नु पर्नेछ । रोग देखा परेको भएमा सो स्थान समेत एकिन गरि तथ्यांक व्यवस्थापन गर्नु पर्नेछ । तथ्यांक संकलन गरी सो को बिवरण सम्वन्धित क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशाला, राष्ट्रिय खोरेत रोग नियन्त्रण प्रयोगशाला, भेटेरिनरी इपिडेमियोलोजी केन्द्र तथा पशु स्वास्थ्य निर्देशनालयमा उपलब्ध गराउनु पर्नेछ ।

### (९) पशु हाटवजारमा रोग नियन्त्रण व्यवस्थापन

खोरेत रोग फैलनुमा पशुहरुको ओसार पसार प्रमुख श्रोतको रुपमा देखिएकोछ । मुलुकका बिभिन्न स्थानमा संचालित पशु हाट बजारहरुमा ल्याइने तथा बजारबाट अन्य क्षेत्रमा पठाइने जनावरबाट रोग अन्यत्र फैलने गरेको सन्दर्भमा पशु वजार संचालकहरुलाई समेत रोग नियन्त्रण कार्यक्रममा सहभागी गराउंदा रोग नियन्त्रण कार्य प्रभावकारी हुने भएकाले जिल्ला, क्षेत्रीय तथा केन्द्रीय स्तरमा समेत सम्बद्ध निकायहरुसंग समन्वय गरी सम्बन्धित सरोकारवाला निकायहरुको जिम्मेवारी तय गर्दै रोग नियन्त्रणका कार्यक्रमहरु संचालन गरिनेछ । सरोकारवाला निकाय तथा संघसंस्थाहरुसंग अन्तरक्रिया छलफल गरि खोरेत रोग नियन्त्रणका कार्यक्रमहरुमा पशु हाटवजार क्षेत्र तथा अन्य मुख्य आवागमन हुने स्थानमा निसंक्रमण गर्ने, वजारमा ल्याइएका पशु पहिचान कार्यको सुरुवात गर्ने, पशु हाटवजारमा जैविक सुरक्षाका प्रवन्ध मिलाउने तथा वजारमा विक्रि वितरणका लागि आएका जनावर खरिद गर्ने वा फिर्ता लैजाने क्रममा खोरेत रोग सम्वन्धी तथा जैविक सुरक्षा सम्बन्धि जानकारी गराउन बिभिन्न सूचनामुलक सामाग्रि प्रदर्शन तथा बितरण गर्ने ब्यस्था सम्बन्धित जिल्ला पशु सेवा कार्यालय मार्फत पशु स्वास्थ्य निर्देशनालयले गर्नेछ ।

हाट बजारमा खरिद बिक्रिको लागि ल्याइने प्रत्येक बस्तुलाई वजार पठाउनु अगावै खोप लगाउने ब्यबस्था मिलाउन पशु खरिद विक्रि कार्यमा संलग्न संस्था वा व्यक्तिहरुलाई उप्रेरित गरिने छ । यसरी गरिने खोप कार्यमा आवश्यक खोपको प्रवन्ध गर्न सम्वन्धीत जिल्ला पशु सेवा कार्यालयले पशु वजार संचालकहरु, पशु स्वास्थ्य निर्देशनालय वा क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशाला समेतको सहकार्यमा भूमिका निर्वाह गर्नेछ । साथै हाट बजार संचालन हुने दिन जिल्ला पशु सेवा कार्यालयहरुले पशु स्वास्थ्य परीक्षण, प्रारम्भिक उपचारका साथै विक्रि वितरणका लागि ल्याइने पशु वस्तुको वजारमा विक्रिको लागि हिंडाएको क्षेत्र समेत पहिचान हुने गरि लगत राख्ने व्यवस्था मिलाउनु पर्नेछ । पशु बजार व्यवस्थापन तथा संचालनमा पशु पंक्षी बजार प्रबर्द्धन

निर्देशनालयबाट संचालन हुने कार्यक्रमहरु समेत खोरेत रोगको संक्रमण न्युनिकरण गर्न समन्वयात्मक रुपमा संचालन गरिनेछ ।

### (१०) पशुवस्तुमा खोरेत रोगको अवस्था अनुगमन

मुलुकका बिभिन्न पशु उत्पादनका दृष्टिले अग्रणी स्थानमा रहेका जिल्लाहरुबाट विगतमा खोरेत रोग देखा परेको स्थानमा सो रोग विरुद्ध प्रतिरोधात्मक क्षमता रहे नरहेको एकिन गर्न, कुनै जिल्लालाई पूर्ण रुपमा रोग मुक्त घोषणा गर्न, मुलुकका विभिन्न क्षेत्रमा खोरेत रोगको अवस्थाको बारेमा यकिन गर्न जिल्ला पशु सेवा कार्यालयहरुले खुरफट्टा जनावरहरुबाट रगतको नमूना संकलन गरि अनुसुचि ४ मा उल्लेख भएका विवरण सहित क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशाला वा राष्ट्रिय खोरेत रोग अन्वेषण प्रयोगशालामा पठाउनु पर्नेछ । क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशालाहरुले जिल्ला पशु सेवा कार्यालयबाट प्राप्त नमूना परिक्षणको लागि राष्ट्रिय खोरेत रोग अन्वेषण प्रयोगशालामा पठाउनु पर्नेछ । प्राप्त नमूना राष्ट्रिय खोरेत रोग अन्वेषण प्रयोगशालाले परिक्षण गरि नतिजा सम्वन्धीत जिल्ला पशु सेवा कार्यालय, सम्वन्धीत क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशाला, भेटेरिनरी इपिडेमियोलोजि केन्द्र तथा पशु स्वास्थ्य निर्देशनालयमा अनिवार्य रुपमा पठाउनु पर्नेछ । प्राप्त विवरणको आधारमा देशमा खोरेत रोगको जोखिम क्षेत्रको पहिचान तथा अन्य आवश्यक बिश्लेषण कार्य भेटेरिनरी इपिडेमियोलोजी केन्द्र तथा पशु स्वास्थ्य निर्देशनालयले गर्नेछन् ।

### (११) जनचेतना अभिवृद्धि कार्यक्रम

कृषक समुदायमा खोरेत रोग सम्वन्धमा जानकारीको स्तर न्यून रहेको र रोग बारेको सचेतनाले पशुपालक समुदायमा सकारात्मक परिबर्तन ल्याउने हुंदा पशु सेवा तालिम तथा प्रसार निर्देशनालय, पशु स्वास्थ्य निर्देशनालय लगायतका अन्य केन्द्रीय, क्षेत्रीय तथा जिल्ला पशु सेवा कार्यालयहरुले खोरेत रोग नियन्त्रण तथा रोकथाम सम्बन्धमा जानकारी मूलक सूचना सामाग्रिहरु तयार गरी राष्ट्रिय तथा स्थानिय स्तरमासंचार माध्यम (एफ एम. बा स्थानिय टि.भि.) बाट प्रसारण गरिनेछ । त्यसका साथै मुलुकका बिभिन्न पशुपालनका क्षेत्रमा अग्रणी स्थानमा रहेका जिल्लाहरुमा कृषकहरुको खोरेत रोगको बारेमा जनचेतना अभिबृद्धि गर्न बिभिन्न प्रकारका सूचनामूलक सामाग्रिहरु (फ्लेक्स, ब्रोसर, पम्फलेट, लिफलेट आदी) उत्पादन गरी बितरण गरिने छ ।

### (१२) खोरेत रोग नियन्त्रण कार्यदल

विश्व पशु स्वास्थ्य संगठनले प्रस्ताव गरे अनुसार प्रोगेसिभ कन्ट्रोल पाथवेमा भएका प्रावधान अनुरुप विश्व परिबेश संगै नेपालबाट समेत खोरेत रोग क्रमशः नियन्त्रण गर्दै जाने सिलसिलामा आवश्यक कार्यक्रम समन्वयात्मक रुपमा तर्जुमा तथा संचालन गर्न, नेपालमा तथा विश्व परिवेशमा खोरेत सम्वन्धी प्राप्त विविध विवरण विश्लेषण गर्न तथा रोग नियन्त्रणका उपयुक्त विधि तथा कार्यक्रम सिफारिश गर्न अनुसुचि ५ मा व्यबस्था भए अनुसारको “खोरेत रोग नियन्त्रण कार्यदल” गठन गरिनेछ । सो कार्यदलको बैठक मासिक रुपमा बस्नु पर्नेछ ।

अनुसुचि १

# Clinical examination and Sample Submission form for FMD

Farmer's name Latitude: Longitude:

Address: District: VDC: Ward:

**Place:** Farm/Household/Market/..........

**Population at risk**

**Population sampled**

| | **Animals in Farm** | | | **Sick Animals** | | | **Dead Animals** | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | Young* | Adult | Total | Young* | Adult | Total | Young* | Adult | Total |
| **Cattle** | | | | | | | | | |
| **Buffalo** | | | | | | | | | |
| **Goat** | | | | | | | | | |
| **Sheep** | | | | | | | | | |
| **Pigs** | | | | | | | | | |

| **Animal ID** | **Species** | **Age** | **Vaccination N. date** | **FMD lesions?Y/N** | **Age of lesions (days)?)** | **Temp** | **Sample ID (to be written on tube)** | **Nature of sample (blood, vesicular fluid, epithelium)** | **Comments** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**Clinical history:**

**Coding with date of sample collection and Coding as per VDC coding Guidelines

*Young animal if less than 1 year old

**Collected by**
**Date:**

**Approved by**
**Date:**

<u>**अनुसुचि २**</u>

## नमूना संकलन

- **रोग देखा परेको अवस्थामाः**
    - मुखमा भएको पानी फोकाको प्राप्रा (इपिथेलियम)
    - मुखमा भएको पानी फोका भित्रको पानी
    - रगत (सिरम)
- **रोग देखा परेको ७ दिन देखी पछि रोग यकिन गर्नको लागि**
    - रगत (सिरम)

अनुसुचि ३

## रोगको इपिडेमियोलोजिकल अध्ययन फर्मेट

# *Epidemiological Investigation Questionnaire in the infected holding*

*Name of vet/Technician:*_______________________________________________ *DATE*_________________

## 1. Owner Details

Farmer's name Latitude: Longitude

Address: District: VDC:
Ward:

Contact No. (cell): Land Line:

## 2. Animal Details

| | Young | Adult | Production Status* | Total |
|---|---|---|---|---|
| **Cattle** | | | | |
| **Buffalo** | | | | |
| **Goat** | | | | |
| **Pigs** | | | | |

*L: Lactating; P: Pregnant(mths); D: dry

## 3. Outbreak details:

*3.1 Number of animals on the farm*_____________________________________________________
*3.2 Number of animals affected:*_____________________________________________________
*3.3 Number of animal dead:* ______________________________________________
*3.4 Estimated date of first clinical sings according to farmer:*______________________
*3.5 Do you know if any other farm affected within the same ward? Yes/No, if so, please give the name of the farmer*__________________________________________________

## 4. Management practices

1. *Feeding Pattern:* Grazing/Sedentary (Stall)/ Grazing and Sedentary (Stall). Other:______________________________
2. *Source of food:* commercial feed/home made feed/Rice straw/grass, fodder: Other____________
3. *Source of water:* communal source/home . Other______________________________
4. *Are you selling milk to others? Yes/No. If so, provide details*______________________________
5. *Have you sold any animal products (manure) in the last 2 weeks? Details - when ,where, what.*______________________________
6. *Do you spread manure over your pastures? Yes / No*
7. *Insemination Practices (Natural/Artificial)?*
    a. *If natural, do you share breeding bull with other farmers? Yes/No. if yes Name*______________________________
    b. *If Insemination, when was the last AI visit?* ______________________________
8. *DO you isolate your animals before they come onto your farm? Yes/No*
9. *Do you vaccinate against FDM your animals routinely? Yes/No. If yes when was the last time*______________________________

## 4. Movement records

*1. Has there been any animals move **onto**the farm in the last month?*

| Species | Number | When | From Where |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

*2. Has there been any animals move **off** the farm in the last month?*

| Species | Number | When | From Where |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

3. *In the last month have you had any visitors that had contact with your animals?Yes/ No. If so, please provide details = when, from where, who (AI technicians, vets, neighbours who own livestock)*

____________________________________________________________

___________________________________________________________________________________________

___________________________________________________________________________________________

___________________________________________________________________________________________

4. *Have you or people who you live with come into contact with other animals (from other farms or markets) in the last month? Yes/ No. If so, please provide details = when, from where, what animals:*_____________________________________________________________________

5. *Have you shared any farming equipment with other farmers recently? Yes/No. If so, please give details (tractors, feed baskets etc)*

__________________________________________

___________________________________________________________________________________________

___________________________________________________________________________________________

___

6. *Did you buy/get animal product from other premises in the last 21 days? Yes/No. From where?*

## 7. Other potential Risk factors

*1. Are there any nearby markets or abattoirs? Yes/No. If so, please provideDetails (where and how far)* ____________________________________________________________________________

*2. How many farms are located around you? Please sketch the location of the farms*

*3. When was the last time you had FMD in this area?*___________________________________

*4. Did it affect your farm? Yes/ No*

*5. Where do you think the current outbreak came from?*_________________________________

## 8. Economic Impact Details

1. How many times you have FMD in your farm: Once a year/Once in Two year/Once in Three year/………………………..
2. Number of animals affected:……………………………..
3. Production stage of animals:………………………………
4. Number of animals dead:………………………………..
5. Production Stage of animal dead:………………………
6. Loss of milk production in affected animals:
   During clinical stage…………………………
   During recovery stage………………………
   After coming into normal stage………….
7. Loss of weight in affected animals:
8. Number of animals aborted and stage of abortion:……………….
9. Number of animals developing mastitis due to FMD:………………
10. Cost for treatment of affected animals……………………………..
11. Current cost of milk in the village:………………………………..

**अनुसुचि ४**

# NSP ELIZA को लागि नमूना पठाउंदा भर्नु पर्ने विवरण

- रगत संकलन गरिएको क्षेत्र
    - जिल्ला कोड
    - गा.वि.स. कोड
    - वडा नं.
    - स्थानको नाम
- रगतको नमूना लिइएको फार्म तथा घर धनिको विवरण,
    - नाम
    - ठेगाना
    - सम्पर्क नम्वर
- फार्म तथा घरमा रहेका जम्मा पशुको,
    - संख्या
    - जात
    - उमेर
- रगत लिइएको जनावरको विवरण,
    - जनावरको जात
    - उमेर
    - लिंग
    - उत्पादन प्रयोजन
        - दूध
        - मासु
        - श्रम (गोरु)
    - उत्पादन अवस्था
        - दूध दिने
        - थारो
        - गर्भवती

**<u>अनुसुचि ५</u>**

## खोरेत रोग नियन्त्रण कार्यदल

| | |
|---|---|
| प्रमुख, भेटेरिनरी इपिडेमियोलोजी केन्द्र | संयोजक |
| अधिकृत प्रतिनिधि पशुपंक्षी वजार प्रवर्द्धन निर्देशनालय | सदस्य |
| अधिकृत प्रतिनिधि राष्ट्रिय खोरेत तथा महामारी रोग प्रयोगशाला | सदस्य |
| अधिकृत प्रतिनिधि केन्द्रीय जैविकि उत्पादन प्रयोगशाला | सदस्य |
| अधिकृत प्रतिनिधि केन्द्रीय पशु क्वारेन्टाइन कार्यालय | सदस्य |
| अधिकृत प्रतिनिधि केन्द्रीय पशु रोग अन्वेषण प्रयोगशाला | सदस्य |
| अधिकृत प्रतिनिधि पशु स्वास्थ्य निर्देशनालय (रोग नियन्त्रण शाखा) | सदस्य सचिव |

उपरोक्त कार्यदलको वैठकमा बिषय बिशेषज्ञ तथा अन्य व्यक्तिहरुलाई समेत आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ ।

## परिच्छेद ३

## पि.पि.आर. नियन्त्रण कार्यक्रम कार्यान्वयन

### भूमिका

नेपालमा पहिलो पटक २०५०/५१ सालमा पूर्वी तराईका केही जिल्लामा देखा परेको भेडाबाखाहरुमा लाग्ने अतिनै संक्रामक पि.पि.आर. रोग हाल दूर्गम हिमाली जिल्लाहरु सहित ६० भन्दा बढी जिल्लाहरुमा देखा परिसकेको छ । यस रोगको कारण वर्षेनि हजारौको संख्यामा भेडाबाखाहरु प्रभावित भइ कृषकहरुले ठूलो आर्थिक क्षति ब्यहोर्दै आएका छन् । साथै देशलाई आवश्यक मासुको आपूर्तिको लागि खसिबोकाहरु विदेशबाट आयात गर्न परिरहेकोछ । यस रोगको नियन्त्रणबाट देशमा भएको भेडाबाखाहरुको स्वास्थ्य सम्वर्द्धन भै देशको लागि आवश्यक मासु उत्पादनमा आत्मनिर्भर तुल्याउन तथा राष्ट्रिय अर्थतन्त्रमा परेको नकारात्मक प्रभाव हटाउन तोकिएको जिल्लाहरुमा प्रभावकारी रुपमा खोप कार्य संचालन गर्न तथा रोगको अनुगमन तथा नियन्त्रण कार्य संचालनको लागि यो कार्यविधि तर्जुमा गरी लागु गरिएको छ ।

### १. संक्षिप्त नाम र प्रारम्भः

(क) यो कार्यविधिको नाम पशु स्वास्थ्य कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७० रहेको छ ।

ख) कार्यविधिको परिच्छेद ३ पि.पि.आर रोग नियन्त्रण कार्यक्रम सम्पादन गर्ने प्रयोजनको लागि तत्काल लागु हुनेछ ।

**२. उद्देश्यः** यो कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ,

(१) पि.पि.आर.रोग देखा परेको अवस्थामा तत्काल रोग निदान तथा नियन्त्रण कार्य संचालन गर्ने ।

(२) पि.पि.आर रोगको महामारी अन्यत्र फैलिन नदिने तथा रोग नियन्त्रण कार्यमा सम्बन्धित सरोकारवालालाई समेत जिम्मेवारी सहित स्वतस्फूर्त रुपमा परिचालित गर्न, गराउने ।

(३) रोगका कारण पशुजन्य उत्पादनमा हुने गरेको क्षतीलाई न्यूनिकरण गरी पशु तथा पशुजन्य उत्पादनमा बृद्धि गरी कुल ग्राहस्त उत्पादन बृद्धिमा टेवा पुर्‍याउने ।

(४) पि.पि.आर रोग नियन्त्रण गर्न जनचेतनामूलक सामग्री तयार गरी सुसुचित गर्ने ।

### ३. कार्यक्रम संचालन मार्गदर्शन

- पि.पि.आर रोग नियन्त्रण कार्यक्रम संचालन गर्नको लागि जिल्लाहरु छनौट गर्दा प्राप्त श्रोत साधनको आधारमा भेडावाखाको संख्या बढी भएका, रोगको प्रकोप बारम्बार देखा परेका तथा ब्यबसायिक रुपमा अग्रणी स्थानमा रहेका जिल्लाहरु छनौट गर्नु पर्नेछ ।
- बढी जोखिममा रहेका, सडक यातायातको सुविधा पुगेका र रोगको प्रकोप बारम्बार देखा परिसकेका जिल्लाहरुमा रहेका भेडावाखाको संख्याको आधार भ्याक्सिन गर्न पर्ने संख्या तोक्नु पर्नेछ ।
- भ्याक्सिनेसन कार्यक्रम दोस्रो र तेस्रो चौमासिकमा सम्पन्न गर्नु पर्नेछ ।

- भ्याक्सिन गर्नको लागि जिल्ला पशु सेवा कार्यालयहरुले लक्षित भेडाबाखाहरुको संख्या हेरी भ्याक्सिनेटर (ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता, निजी स्तरमा कार्यरत भटेरीनरी जेटी/जेटीए, ईच्छुक निजीस्तरमा कार्यरत पशु स्वास्थ्य प्राविधिक तथा आवश्यक परेको अवस्थामा सरकारी सेवामा रहेका प्राविधिकहरु) नियुक्त गरी काममा लगाउन पर्नेछ ।
- भ्याक्सिनेटरहरुलाई नियुक्ति गरिएको नामावली पशु स्वास्थ्य निर्देशनालय र सम्वन्धित क्षेत्रिय पशु सेवा निर्देशनालयमा अनिवार्य रुपमा पठाउन पर्नेछ ।
- जिल्ला पशु सेवा कार्यालयमा कार्यरत पशु चिकित्सकको नेतृत्वमा आवश्यक संख्यामा भ्याक्सिनेटरहरुको टोली गठन गरी सम्बन्धित पशु सेवा केन्द्र/उपकेन्द्रसंग समन्वयमा परिचालन गर्नु पर्नेछ ।
- भ्याक्सिनेसन कार्यक्रमको लागि आवश्यक खोप केन्द्रिय जैबिकी उत्पादन प्रयोगशालाले उत्पादन गर्नु पर्नेछ ।
- राष्ट्रिय पि.पि.आर नियन्त्रण कार्यक्रमको लागि आवश्यक भ्याक्सिन तथा सोसंग सम्बन्धित खोप लगाउन आवश्यक अन्य सामाग्रि पशु स्वास्थ्य निर्देशनालयले जिल्ला पशु सेवा कार्यालयहरुलाई निःशुल्क उपलब्ध गराउने छ ।
- जिल्ला पशु सेवा कार्यालयले जिल्लामा रहेको भेडावाखाको तथ्यांक व्यवस्थापन गरि राख्ने तथा सोको प्रतिवेदन पशु स्वास्थ्य निर्देशनालय, क्षेत्रीय पशु सेवा निर्देशनालयमा पठाउनु पर्नेछ ।
- भ्याक्सिन गर्नको लागि जिल्ला पशु सेवा कार्यालयहरुले भेडावाखाको संख्या हेरी विगतमा खोप नलगाइएको, रोग देखा परिरहेको तथा बाखाको पकेट रहेको क्षेत्र पहिचान गरि जोखिम विश्लेषणको आधारमा खोप लगाउन पर्ने क्षेत्र एकिन गर्नु पर्नेछ ।
- कार्यक्रम संचालन गर्नु पूर्व खोप लगाउने क्षेत्रका सरोकारवालाहरुसंग अन्तरक्रिया गर्नु पर्नेछ ।
- खोपको संचय गर्दा देखि घोल बनाई खोप लगाउन्जेल सम्म चिसोको राम्रो व्यवस्था (Cold Chain maintenane) हुनु पर्नेछ । घोल वनाई सके पश्चात सकेसम्म छिटो खोप कार्य गर्नु पर्नेछ (आधा घण्टा भित्रमा) ।
- जिल्लामा गठन गरिएको भ्याक्सिनेशन टोलीहरुले वरफ सहितको कोल्ड बक्स/थर्मसमा संचय गरेको भ्याक्सिन तथा अन्य आवश्यक सामग्री लिई तोकेको ठाउंमा गई भ्याक्सिन गर्नु पर्नेछ ।
- भ्याक्सिन लगाउनको लागि अटोमेटिक सिरिन्ज वा साधारण सिरिन्जको प्रयोग गरिनेछ । जुनसुकै सिरिन्ज प्रयोग गरिएता पनि एकै गोठका प्रति १० जनवार बा सो भन्दा कम भएमा प्रति गोठको लागि छुट्टा छुट्टै निडिल प्रयोग गर्नु पर्नेछ । साधारण सिरिन्ज प्रयोग भएको अवस्थामा प्रति ३० जनावरको लागि एक सिरिन्ज प्रयोग गर्नु पर्नेछ ।
- खोप लगाइएको जनावर पहिचान गर्न आवश्यक व्यवस्था मिलाउन पर्नेछ ।
- भ्याक्सिनेशन गरिएको भेडाबाखाहरुको विवरण खुलेको फारममा समुह भएको क्षेत्रमा समुहको प्रतिनिधि समेतको र समुह नभएका क्षेत्रमा स्थानिय किसानहरुबाट गरिएको मुचुल्का संलग्न हुनु पर्नेछ ।
- भ्याक्सिनेशन गरेको विवरण खुल्ने फारममा समुह भएको क्षेत्रमा समुहको प्रतिनिधि समेतको र सम्वन्धीत गा.वि.सका अध्यक्ष वा सचिवबाट प्रमाणित गराई खोप कार्य सम्पन्न गरिएको मुचुल्का संलग्न हुनु पर्नेछ ।
- खोप कार्य संचालन गर्दा खोप कार्यको संचालन समय तालिका १५ दिन अगावै पशु स्वास्थ्य निर्देशनालय, क्षेत्रीय पशु सेवा निर्देशनालय र सम्बन्धित क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशालालाई जानकारी गराउन पर्नेछ ।

- भ्याक्सिनेशन कार्यक्रम संचालन अवधि वा सम्पन्न भए पछि सम्वन्धित केन्द्रीय वा क्षेत्रीय निकायहरुले अनुगमन र मूल्याङ्कन गर्न पर्नेछ।
- खोपको प्रभावकारीता परिक्षणको लागि क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशालाहरुले भ्याक्सिनेशन कार्य सम्पन्न भएको २१ दिन पश्चात खोप लगाएको क्षेत्रबाट परिक्षणका लागि खोप लगाइएको जम्मा पशु संख्याको १.५ प्रतिशत वा पशु स्वास्थ्य निर्देशनालयको प्राविधिक निर्देशन अनुसार आवश्यक संख्यामा भेडाबाखा छनौट गरी सिरम संकलन गर्ने र केन्द्रीय पशु रोग अन्वेषण प्रयोगशाला बा तोकिएको प्रयोगशालामा परिक्षणको लागि पठाउन पर्नेछ।
- तोकिएको प्रयोगशालाले सिरम परिक्षण गरी रोग विरुद्ध प्रतिरक्षा गर्न सक्ने क्षमताको बिकास भए नभएको निर्क्यौल गर्नु पर्नेछ । सो को प्रतिबेदन अनिवार्य रुपमा पशु स्वास्थ्य निर्देशनालयलाई समेत नियमित रुपमा उपलब्ध गराउन पर्नेछ।
- सिरम संकलन गर्ने प्रयोजनको लागि ५ मि.लि. क्षमताको डिस्पोजेबल सिरिन्ज निडिल प्रयोग गरि रगत संकलन गर्ने र सिरम छुट्टयाई सिरम भायलमा सारेर कोड नम्वर लेखि सिरम भायल बक्समा राख्नु पर्नेछ।
- पि.पि.आर रोगको आउटव्रेक नियन्त्रणको लागि केही खोप भ्याक्सिन बैकंको रुपमा क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशालामा भण्डारण गरी राख्नु पर्नेछ।
- जिल्ला पशु सेवा कार्यालयहरुले आफ्नो कार्य क्षेत्रमा पि.पि.आर रोग देखा परेमा रोग देखा परेको अनुसुचि १ बमोजिमको विस्तृत रोग अन्वेषण प्रतिवेदन सहितको जानकारी ई.मेल वा फ्याक्स वा पत्रबाट तत्काल क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशाला, क्षेत्रीय पशु सेवा निर्देशनालय, भेटेरिनरी इपिडेमियोलोजी केन्द्र तथा पशु स्वास्थ्य निर्देशनालयमा उपलब्ध गराउन पर्नेछ। यसरी प्रतिवेदन पेश गर्दा रोगको जोखिममा रहेका पशु संख्या अनिवार्य रुपमा उल्लेख गरि रोगको नियन्त्रणको लागि आवश्यक खोपको विवरण समेत उल्लेख गरेको हुनु पर्नेछ। रोगको अन्वेषण रिपोर्ट तयार गरी पठाउनु पूर्व सम्बन्धित क्षेत्रमा पशु चिकित्सक वा प्राबिधिकले अनिवार्य रुपमा रोग देखा परेको स्थानको भ्रमण गरेको हुनु पर्नेछ।
- जिल्ला पशु सेवा कार्यालयहरुले रोग देखा परेको क्षेत्रबाट क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशालासंग समन्वय गरि नमूना संकलन गरि पठाउन पर्नेछ। यसरी प्राप्त हुने नमूनामा क्षेत्रीय प्रयोगशालाहरुले उपलब्ध परिक्षण विधिबाट शिघ्र परिक्षण गरि थप परिक्षणको लागि माथिल्लो प्रयोगशालामा नमूना पठाउन पर्नेछ।
- सम्बन्धित जिल्ला पशु सेवा कार्यालयबाट रोगको आउटब्रेक भएको सूचना, उपयुक्त नमूना तथा रोग अन्वेषण सम्वन्धी प्रतिबेदन प्राप्त भए भ्याक्सिन वैंकमा संचित खोप परिचालन गरिनेछ । तर सो खोप परिचालन गर्न आवश्यक परेमा पशु स्वास्थ्य निर्देशनालयको पूर्व स्वीकृती अनिवार्य रुपमा लिनु पर्नेछ।
- जिल्ला पशु सेवा कार्यालयहरुले आउटव्रेक नियन्त्रण गर्न आवश्यक भ्याक्सिन क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशालाहरुसंग समन्वय गरी ब्यबस्था मिलाउन पर्नेछ।
- रोग सम्वन्धमा जनचेतना अभिवृद्धि गर्न सूचनामूलक सामग्री तयार तथा वितरण गर्नु पर्नेछ।

**आर्थिक कार्यविधि**

- प्रत्येक जिल्ला पशु सेवा कार्यालयलाई कार्यक्रम तथा वजेट उपलब्ध गराईनेछ।
- उपलब्ध कार्यक्रम तथा वजेट प्रयोग गर्दा प्रचलित नियम अनुसार गर्नु पर्नेछ।

- प्रत्येक भ्याक्सिनेटरलाई प्रति गोटा भ्याक्सिनेशन गरे वापत रु ५ का दरले सेवा शुल्क दिनु पर्नेछ ।
- भ्याक्सिनेटरलाई सेवा शुल्क भुक्तानी दिदां निजले के कति संख्यामा कुन कुन क्षेत्रमा भ्याक्सिनेशन गरेको हो सो ब्यहोरा सम्वन्धित स्थानीय निकायका पदाधिकारी (जन प्रतिनिधि) बाट प्रमाणीत भएको हुनु पर्नेछ ।
- जुन खर्च शिर्षक रकम उपलब्ध भएको हो सोहि शिर्षकमा मात्र खर्च गर्नु पर्नेछ ।
- भ्याक्सिनटरलाई पेश्की दिई पठाउनु पर्ने भएमा आर्थिक ऐन तथा नियमावलि बमोजिम समयमै फछ्र्यौट हुने गरी दिनु पर्नेछ । यसरी दिईएको पेश्की फछ्र्योट गराउने कर्तब्य सम्वन्धित जिल्ला पशु सेवा कार्यालयका लेखा प्रमुख र कार्यालय प्रमुखको हुनेछ ।
- कार्यक्रम संचालन गर्दा प्रयोगमा आउने सबै विल भरपाईहरुमा प्रचलित आर्थिक ऐन तथा नियमावलि बमोजिम सिलसिलेबार नम्वर राखी प्रमाणित भएको हुनु पर्नेछ ।
- सवारी ईन्धन प्रयोग गर्दा लगबुक अनिवार्य रुपमा भरी सवारी प्रयोग गर्ने अधिकारीको अनिवार्य दस्तखत हुनु पर्नेछ ।
- भ्याक्सिनेशनको प्रगती विवरण तोकिएको फारम अनुसार अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

## अनुसूची: १
## रोगको इपिडेमियोलोजिकल अध्ययन फर्मेट

पशुवस्तुमा शंकास्पद पि.पि.आर. रोगको महामारी क्षेत्रबाट संकलन गरी प्रेषण गर्नु पर्ने विवरण

- रोग देखा परेको क्षेत्र
- रोग देखा परेको क्षेत्रको भौगोलिक अवस्था
- रोग देखा परेको फार्म वा गा.वि.स.वार्ड र व्यक्तिगत विवरण
- रोग देखा परेको पशु जात
- रोग देखा परेको पशुको किसिम
- रोग देखा परेको पशुको उमेर
- विरामी पशु संख्या
- मरेको पशु संख्या
- जोखिममा रहेको पशु संख्या
- रोगको इपिडेमियोलोजी सम्वन्धी विवरण
    - रोगको लक्षण
    - रोग पहिलो पटक देखा परेको मिति र समय
    - रोगको संभावित श्रोत
    - रोगी पशुको लागि दाना पानीको प्रवन्ध
    - रोग देखा परेको फार्म वा परिसरबाट भएको जनावरको ओसार पसार (भित्र वा वाहिर) रोग देखा पर्नु भन्दा एक हप्ता अघि देखी
    - रोगको फैलावटको नक्सा वा क्रम
    - आवतजावतमा नियन्त्रणमा गरिएको प्रवन्ध
    - रोग सम्वन्धी अन्य सूचना वा जानकारी
    - रोग नियन्त्रण गर्न गरिएको प्रयास
    - रोगको पहिचान गर्न संकलित नमूना
    - नमूना पठाइएको प्रयोगशाला
    - रोगको वर्तमान अवस्था
- रोगको नियन्त्रणमा सहभागि प्रमुख व्यक्तिको नाम तथा फोन नं
- Follow-up report पठाउन पर्ने वा नपर्ने, पर्ने भएमा पठाइने दिन

## परिच्छेद ४

## क्लासिकल स्वाइन फिभर रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन

### भूमिका

पशु स्वास्थ्यको क्षेत्रमा ठूलो समस्याको रुपमा बिद्यमान क्लासिकल स्वाइन फिभर रोगका कारण वंगुर पालक कृषकहरुले बर्षेनी ठूलो आर्थिक क्षती ब्यहोर्दै आएका छन् । बिश्व परिवेशमा क्लासिकल स्वाइन फिभर रोगको प्रकोप नियन्त्रण गर्ने कार्य धेरै मुलुकमा सुरुवात भै सकेको सन्दर्भमा नेपालमा समेत यो रोग नियन्त्रणको लागि कार्य संचालन गर्न अत्यावश्यक भई सकेको छ ।

पशुवस्तुमा बिभिन्न समयमा संक्रामक महामारीको रुपमा देखा परी पशु तथा पशुजन्य उत्पादनमा कमि आई कृषकहरुमा ठूलो आर्थिक क्षति पुर्‍याउने क्लासिकल स्वाइन फिभररोगको सर्भिलेन्स, अन्वेषण, पहिचान, रोकथाम, नियन्त्रण, तथा अनुगमनका कार्यहरुको प्रभावकारी कार्यान्वयनको लागि यो कार्यविधि तर्जुमा गरी लागु गरिएको छ ।

### १. संक्षिप्त नाम र प्रारम्भः

(क) यो कार्यविधिको नाम पशु स्वास्थ्य कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७० रहेको छ ।

ख) कार्यविधिको परिच्छेद ४ क्लासिकल स्वाइन फिभर रोग नियन्त्रण कार्यक्रम सम्पादन गर्ने प्रयोजनको लागि तत्काल लागु हुनेछ ।

**२. उद्देश्यः** यो कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ,

(१)सुंगुर, वंगुर बंदेल लगायतका पशुमा देखा पर्ने क्लासिकल स्वाइन फिभर रोग नियन्त्रण गर्न मास भ्याक्सिनेसन गर्ने ।

(२) खोरेत रोग देखा परेको अवस्थामा तत्काल रोग निदान तथा नियन्त्रण कार्य संचालन गर्ने ।

(३) खोप लगाईएका पशुमा खोपले दिएको प्रतिरोधात्मक क्षमता अनुगमन गर्ने ।

(४) क्लासिकल स्वाइन फिभर रोग नियन्त्रण कार्यमा सम्बन्धित सरोकारवालालाई समेत जिम्मेवारी सहित स्वतस्फूर्त रुपमा परिचालित गर्ने, गराउने तथा सरोकारवालाहरुलाई सूसुचित गर्न जनचेतनामूलक सामग्री तयार गरी वितरण गर्ने

(५) रोगका कारण पशुजन्य उत्पादनमा हुने गरेको क्षतीलाई न्यूनिकरण गरी पशु तथा पशुजन्य उत्पादनमा बृद्धि गरी कुल ग्राहस्त उत्पादन बृद्धिमा टेवा पुर्‍याउने ।

३. **राष्ट्रिय स्वाइन फिभर रोग नियन्त्रण कार्यक्रम संचालन मार्गदर्शन** :

क्लासिकल स्वाइन फिभर/वंगुरको हैजा टोगा भाइरस समूहको सि एस एफ विषाणुबाट सुंगुर, वंगुर बंदेल आदिमा लाग्ने अति खतरनाक महामारी रोग हो । नेपालमा यो रोग वेलावखत महमारीको रुपमा फैलने गरेको पाइन्छ । यो रोग सवै उमेर समूहका वंगुरमा देखा परि महामारीको रुपमा फैलदा अत्याधिक संख्यामा वंगुरहरु विरामी परि मर्न सक्ने हुंदा व्यवसायिक स्वरुप लिंदै गएको वंगुरपालन व्यवसायमा यो रोगले ब्यापक आर्थिक क्षति हुने गरेको छ । हाल सम्मको प्राप्त तथ्यांकलाई केलाउंदा रोग देखा परेको क्षेत्रमा यसका कारण करिव ४८ प्रतिशत सम्म मृत्युदर रहेको पाइएकोछ । साथै यो रोग नियन्त्रणको उपयुक्त विधि घरपालुवा सुंगुर, वंगुर बंदेल आदिमा उपयुक्त समयमा खोप कार्य संचालन गर्नु रहेको तथा स्वदेशमै केन्द्रीय जैविकि उत्पादन प्रयोगशालामा स्वाइन फिभर खोपको उत्पादन भै रहेको अवस्थालाई समेत मध्यनजर गर्दै राष्ट्रिय स्वाइन फिभर नियन्त्रण कार्यक्रम संचालन गर्न जिल्ला पशु सेवा कार्यालयहरु मार्फत कार्यान्वयन प्रकृयाको सुरुवात गरिएको छ ।

कृषक माझ लोकप्रिय हुंदै जीविकोपार्जनमा महत्वपूर्ण हिस्सा ओगटेको वंगुरपालन व्यवसायको संरक्षण, सुंगुर, वंगुर, वंदेलको स्वास्थ्य सम्वर्द्धन गर्दै देशको लागि आवश्यक मासु उत्पादनमा आत्मनिर्भर तुल्याउन तथा राष्ट्रिय अर्थतन्त्रमा परेको नकारात्मक प्रभावलाई न्यूनिकरण गर्ने कार्यमा सहयोग गर्न राष्ट्रिय स्वाइन फिभर रोग नियन्त्रण कार्यक्रम अन्तरगत बंगुरपालनमा अग्रणि स्थानमा रहेको तथा विगतमा रोगको प्रकोपका कारण आर्थिक क्षति भएका जिल्लाहरुमा राष्ट्रिय अभियानको रुपमा खोप कार्य संचालन, आउटव्रेक नियन्त्रण, जनचेतना अभिवृद्धि लगायतका कार्यक्रमहरु संचालन गरिनेछ ।

**<u>कार्यक्रम संचालन प्रकृया</u>**

- क्लासिकल स्वाइन फिभर रोग सम्बन्धि कार्यक्रमहरु संचालन गर्नको लागि जिल्लाहरु छनौट गर्दा प्राप्त श्रोत साधनको आधारमा सुंगुर, वंगुर, वंदेलको संख्या बढी भएका, रोगको प्रकोप बारम्बार देखा परेका तथा ब्यबसायिक रुपमा अग्रणी स्थानमा रहेका जिल्लाहरु छनौट गर्नु पर्नेछ ।
- बढी जोखिममा रहेका, सडक यातायातको सुविधा पुगेका र रोगको प्रकोप बारम्बार देखा परिसकेका जिल्लाहरुमा रहेका सुंगुर, वंगुर, वंदेलको संख्याको आधार भ्याक्सिन गर्न पर्ने संख्या तोक्नु पर्नेछ ।
- भ्याक्सिनेसन कार्यक्रम दोस्रो र तेस्रो चौमासिकमा सम्पन्न गर्नु पर्नेछ ।
- भ्याक्सिन गर्नको लागि जिल्ला पशु सेवा कार्यालयहरुले लक्षित सुंगुर, वंगुर, वंदेलको संख्या हेरी भ्याक्सिनेटर (ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता, निजी स्तरमा कार्यरत भटेरीनरी जेटी/जेटीए, ईच्छुक निजीस्तरमा कार्यरत पशु स्वास्थ्य प्राविधिक तथा आवश्यक परेको अवस्थामा सरकारी सेवामा रहेका प्राविधिकहरु) नियुक्त गरी काममा लगाउन पर्नेछ ।
- भ्याक्सिनेटरहरुलाई नियुक्ति गरिएको नामावली पशु स्वास्थ्य निर्देशनालय र सम्वन्धित क्षेत्रिय पशु सेवा निर्देशनालयमा अनिवार्य रुपमा पठाउन पर्नेछ ।

- जिल्ला पशु सेवा कार्यालयमा कार्यरत पशु चिकित्सकको नेतृत्वमा आवश्यक संख्यामा भ्याक्सिनेटरहरुको टोली गठन गरी सम्बन्धित पशु सेवा केन्द्र/उपकेन्द्रसंग समन्वयमा परिचालन गर्नु पर्नेछ ।
- भ्याक्सिनेसन कार्यक्रमको लागि आवश्यक खोप केन्द्रिय जैबिकी उत्पादन प्रयोगशालाले उत्पादन गर्नु पर्नेछ ।
- राष्ट्रिय स्वाइन फिभर रोग नियन्त्रण कार्यक्रमको लागि आवश्यक भ्याक्सिन तथा सोसंग सम्बन्धित खोप लगाउन आवश्यक अन्य सामाग्रि पशु स्वास्थ्य निर्देशनालयले जिल्ला पशु सेवा कार्यालयहरुलाई निःशुल्क उपलब्ध गराउने छ ।
- जिल्ला पशु सेवा कार्यालयले जिल्लामा रहेको सुंगुर वंगुर तथा वंदेलको तथ्यांक व्यवस्थापन गरि राख्ने तथा सोको प्रतिवेदन पशु स्वास्थ्य निर्देशनालय, क्षेत्रीय पशु सेवा निर्देशनालयमा पठाउनु पर्नेछ ।
- जिल्ला पशु सेवा कार्यालयले जिल्लामा विगतमा देखा परेको स्वाइन फिभर रोगको अवस्था एकिन गरी सोको तथ्यांक व्यवस्थित गरी राख्नु पर्नेछ ।
- भ्याक्सिन गर्नको लागि जिल्ला पशु सेवा कार्यालयहरुले सुंगुर, वंगुर, वंदेलको संख्या हेरी विगतमा खोप नलगाइएको, रोग देखा परिरहेको तथा वंगुरको पकेट रहेको क्षेत्र पहिचान गरि जोखिम विश्लेषणको आधारमा खोप लगाउन पर्ने क्षेत्र एकिन गर्नु पर्नेछ ।
- कार्यक्रम संचालन गर्नु पूर्व खोप लगाउने क्षेत्रका सरोकारवालाहरुसंग अन्तरक्रिया गर्नु पर्नेछ ।
- खोपको संचय गर्दा देखि घोल बनाई खोप लगाउन्जेल सम्म चिसोको राम्रो व्यवस्था (Cold Chain maintenane) हुनु पर्नेछ ।
- जिल्लामा गठन गरिएको भ्याक्सिनेशन टोलीहरुले वरफ सहितको कोल्ड बक्स/थर्मसमा संचय गरेको भ्याक्सिन तथा अन्य आवश्यक सामग्री लिई तोकेको ठाउंमा गई भ्याक्सिन गर्नु पर्नेछ ।
- भ्याक्सिन लगाउनको लागि अटोमेटिक सिरिन्ज वा साधारण सिरिन्जको प्रयोग गरिनेछ । जुनसुकै सिरिन्ज प्रयोग गरिएता पनि प्रति जनवारको लागि छुट्टा छुट्टै निडिल प्रयोग गर्न पर्नेछ । साधारण सिरिन्ज प्रयोग भएको अवस्थामा प्रति ५ जनावरको लागि एक सिरिन्ज प्रयोग गर्न पर्नेछ ।
- खोप लगाइएको जनावर पहिचान गर्न आवश्यक व्यवस्था मिलाउन पर्नेछ ।
- भ्याक्सिनेशन गरेको विवरण खुल्ने फारममा समुह भएको क्षेत्रमा समुहको प्रतिनिधि समेतको र समुह नभएका क्षेत्रमा स्थानिय किसानहरुबाट प्रमाणित गराई खोप कार्य सम्पन्न गरिएको मुचुल्का संलग्न हुनु पर्नेछ ।
- खोप कार्य संचालन गर्दा खोप कार्यको संचालन समय तालिका १५ दिन अगावै पशु स्वास्थ्य निर्देशनालय, क्षेत्रीय पशु सेवा निर्देशनालय र सम्बन्धित क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशालालाई जानकारी गराउनु पर्नेछ ।
- भ्याक्सिनेशन कार्यक्रम संचालन अवधि वा सम्पन्न भए पछि सम्वन्धित केन्द्रीय वा क्षेत्रीय निकायहरुले अनुगमन र मूल्याङ्कन गर्न पर्नेछ ।
- खोपको प्रभावकारीता परिक्षणको लागि क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशालाहरुले भ्याक्सिनेशन कार्य सम्पन्न भएको २१ दिन पश्चात खोप लगाएको क्षेत्रबाट परिक्षणका लागि खोप लगाइएको जम्मा पशु संख्याको ०.५ प्रतिशत वा पशु स्वास्थ्य निर्देशनालयको प्राविधिक निर्देशन अनुसार आवश्यक संख्यामा सुंगुर, वंगुर छनौट गरी सिरम संकलन गर्ने र तोकिएको प्रयोगशालामा परिक्षणको लागि पठाउन पर्नेछ ।

- तोकिएको प्रयोगशालाले सिरम परिक्षण गरी रोग विरुद्ध प्रतिरक्षा गर्न सक्ने क्षमताको बिकास भए नभएको निक्यौंल गर्नु पर्नेछ । सो को प्रतिबेदन अनिवार्य रुपमा पशु स्वास्थ्य निर्देशनालयलाई समेत नियमित रुपमा उपलब्ध गराउन पर्नेछ ।
- सिरम संकलन गर्ने प्रयोजनको लागि ५ मि.लि. क्षमताको डिस्पोजेबल सिरिन्ज निडिल प्रयोग गरि रगत संकलन गर्ने र सिरम छुट्टयाई सिरम भायलमा सारेर कोड नम्वर लेखि सिरम भायल बक्समा राख्नु पर्नेछ ।
- क्लासिकल स्वाइन फिभर रोग आउटब्रेक नियन्त्रणको लागि केही खोप भ्याक्सिन बैकंको रुपमा क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशालामा भण्डारण गरी राख्नु पर्नेछ ।
- जिल्ला पशु सेवा कार्यालयहरुले आफ्नो कार्य क्षेत्रमा स्वाइन फिभर रोग देखा परेमा रोग देखा परेको अनुसुचि १ बमोजिमको विस्तृत रोग अन्वेषण प्रतिवेदन सहितको जानकारी ई.मेल वा फ्याक्स वा पत्रबाट तत्काल क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशाला, क्षेत्रीय पशु सेवा निर्देशनालय, भेटेरिनरी इपिडेमियोलोजी केन्द्र तथा पशु स्वास्थ्य निर्देशनालयमा उपलब्ध गराउन पर्नेछ । यसरी प्रतिवेदन पेश गर्दा रोगको जोखिममा रहेका पशु संख्या अनिवार्य रुपमा उल्लेख गरि रोगको नियन्त्रणको लागि आवश्यक खोपको विवरण समेत उल्लेख गरेको हुनु पर्नेछ । रोगको अन्वेषण रिपोर्ट तयार गरी पठाउनु पूर्ब सम्बन्धित क्षेत्रमा पशु चिकित्सक वा प्राबिधिकले अनिवार्य रुपमा रोग देखा परेको स्थानको भ्रमण गरेको हुनु पर्नेछ ।
- जिल्ला पशु सेवा कार्यालयहरुले रोग देखा परेको क्षेत्रबाट क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशालासंग समन्वय गरि नमूना संकलन गरि पठाउन पर्नेछ । यसरी प्राप्त हुने नमूनामा क्षेत्रीय प्रयोगशालाहरुले उपलब्ध परिक्षण विधिबाट शिघ्र परिक्षण गरि थप परिक्षणको लागि माथिल्लो प्रयोगशालामा नमूना पठाउन पर्नेछ ।
- सम्बन्धित जिल्ला पशु सेवा कार्यालयबाट रोगको आउटब्रेक भएको सूचना, उपयुक्त नमूना तथा रोग अन्वेषण सम्वन्धी प्रतिबेदन प्राप्त भए भ्याक्सिन वैंकमा संचित खोप परिचालन गरिनेछ । तर सो खोप परिचालन गर्न आवश्यक परेमा पशु स्वास्थ्य निर्देशनालयको पूर्ब स्वीकृती अनिवार्य रुपमा लिनु पर्नेछ ।
- जिल्ला पशु सेवा कार्यालयहरुले आउटब्रेक नियन्त्रण गर्न आवश्यक भ्याक्सिन क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशालाहरुसंग समन्वय गरी ब्यबस्था मिलाउन पर्नेछ ।
- रोग सम्वन्धमा जनचेतना अभिवृद्धि गर्न सूचनामूलक सामग्री तयार तथा वितरण गर्नु पर्नेछ ।

## आर्थिक कार्यविधि

- प्रत्येक जिल्ला पशु सेवा कार्यालयलाई कार्यक्रम तथा वजेट उपलब्ध गराईनेछ ।
- उपलब्ध कार्यक्रम तथा वजेट प्रयोग गर्दा प्रचलित नियम अनुसार गर्नु पर्नेछ ।
- प्रत्येक भ्याक्सिनेटरलाई प्रति गोटा भ्याक्सिनेशन गरे वापत रु ५ का दरले सेवा शुल्क दिनु पर्नेछ ।
- जुन खर्च शिर्षक रकम उपलब्ध भएको हो सोहि शिर्षकमा मात्र खर्च गर्नु पर्नेछ ।
- भ्याक्सिनटरलाई पेश्की दिई पठाउनु पर्ने भएमा आर्थिक ऐन तथा नियमावलि बमोजिम समयमै फछ्र्यौट हुने गरी दिनु पर्नेछ । यसरी दिईएको पेश्की फछ्र्योट गराउने कर्तब्य सम्वन्धित जिल्ला पशु सेवा कार्यालयका लेखा प्रमुख र कार्यालय प्रमुखको हुनेछ ।

- कार्यक्रम संचालन गर्दा प्रयोगमा आउने सबै विल भरपाईहरुमा प्रचलित आर्थिक ऐन तथा नियमावलि बमोजिम सिलसिलेबार नम्वर राखी प्रमाणित भएको हुनु पर्नेछ ।
- सवारी ईन्धन प्रयोग गर्दा लगबुक अनिवार्य रुपमा भरी सवारी प्रयोग गर्ने अधिकारीको अनिवार्य दस्तखत हुनु पर्नेछ ।
- भ्याक्सिनेशनको प्रगती विवरण तोकिएको फारम अनुसार अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

## अनुसूची: १
## रोगको इपिडेमियोलोजिकल अध्ययन फर्मेट

पशुवस्तुमा शंकास्पद क्लासिकल स्वाइन फिभर महामारी क्षेत्रबाट संकलन गरी प्रेषण गर्नु पर्ने विवरण

- रोग देखा परेको क्षेत्र
- रोग देखा परेको क्षेत्रको भौगोलिक अवस्था
- रोग देखा परेको फार्म वा गा.वि.स.वार्ड र व्यक्तिगत विवरण
- रोग देखा परेको पशु जात
- रोग देखा परेको पशुको किसिम
- रोग देखा परेको पशुको उमेर
- विरामी पशु संख्या
- मरेको पशु संख्या
- जोखिममा रहेको पशु संख्या
- रोगको इपिडेमियोलोजी सम्वन्धी विवरण
    - रोगको लक्षण
    - रोग पहिलो पटक देखा परेको मिति र समय
    - रोगको संभावित श्रोत
    - रोगी पशुको लागि दाना पानीको प्रवन्ध
    - रोग देखा परेको फार्म वा परिसरबाट भएको जनावरको ओसार पसार (भित्र वा वाहिर) रोग देखा पर्नु भन्दा एक हप्ता अघि देखी
    - रोगको फैलावटको नक्सा वा क्रम
    - आवतजावतमा नियन्त्रणमा गरिएको प्रवन्ध
    - रोग सम्वन्धी अन्य सूचना वा जानकारी
    - रोग नियन्त्रण गर्न गरिएको प्रयास
    - रोगको पहिचान गर्न संकलित नमूना
    - नमूना पठाइएको प्रयोगशाला
    - रोगको वर्तमान अवस्था
- रोगको नियन्त्रणमा सहभागि प्रमुख व्यक्तिको नाम तथा फोन नं
- Follow-up report पठाउन पर्ने वा नपर्ने, पर्ने भएमा पठाइने दिन

## परिच्छेद ५

## स्थायिन कुखुरामा रानिखेत रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन

### भूमिका

नेपालमा रहेका कुल पंक्षी मध्ये करिव ५५ प्रतिशत स्थानिय कुखुरा रहेको र अधिकांश कुखुराहरु ग्रामीण क्षेत्रमा न्यून आय भएका कृषकले पालन गर्ने गरेको पाइन्छ । रानिखेत रोगका कारण कुखुरापालक कृषकहरुले बर्षेनी ठूलो आर्थिक क्षती ब्यहोर्दै आएका छन् । बिश्वका धेरै मुलुकमा स्थानिय पंक्षीमा रानिखेत रोगको प्रकोप न्यूनिकरण गर्ने प्रयास भै रहेको सन्दर्भमा नेपालमा समेत ग्रामीण क्षेत्रमा यो रोगको प्रकोप कम गर्नका लागि रोग नियन्त्रण कार्य संचालन गर्न अत्यावश्यक भई सकेको छ ।

समय समयमा पंक्षीमा महामारीको रुपमा देखा पर्ने गरेको रानिखेत रोगका कारण पंक्षी तथा पंक्षीजन्य उत्पादनमा ह्रास पुर्‍याउने रानिखेत रोगको प्रकोप न्यून गरी ग्रामीण भेगका गरिव तथा बिपन्न बर्गका कृषकहरुको आयश्रोतको संरक्षण गरी आय आर्जनमा टेवा पुर्‍याउन रानीखेत रोगको अन्वेषण, पहिचान, रोकथाम, नियन्त्रण, तथा अनुगमनका कार्यहरु कार्यान्वयन यो कार्यविधि तर्जुमा गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**ः

(क) यो कार्यविधिको नाम पशु स्वास्थ्य कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७० रहेको छ ।

ख) कार्यविधिको परिच्छेद ५ स्थानिय कुखुरामा रानिखेत रोग नियन्त्रण कार्यक्रम सम्पादन गर्ने प्रयोजनको लागि तत्काल लागु हुनेछ ।

**२. उद्देश्यः** यो कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ,

(१) स्थानिय कुखुरामा देखा पर्ने रानिखेत रोग नियन्त्रण गर्न मास भ्याक्सिनेसन गर्ने ।

(२) खोप लगाईएका पंक्षीमा खोपले दिएको प्रतिरोधात्मक क्षमता अनुगमन गर्ने ।

(३) रानिखेत रोग नियन्त्रण कार्यमा सम्बन्धित सरोकारवालालाई समेत जिम्मेवारी सहित स्वतस्फूर्त रुपमा परिचालित गर्ने, गराउने तथा सरोकारवालाहरुलाई बिभिन्न माध्यमबाट रोग सम्बन्धि बिबिध जानकरी दिने ।

(४) रोगका कारण पंक्षीजन्य उत्पादनमा हुने गरेको क्षतीलाई न्यूनिकरण गरी उत्पादनमा बृद्धि गरी कुल ग्राहस्त उत्पादन बृद्धिमा टेवा पुर्‍याउने ।

## ३. **राष्ट्रिय रानिखेत रोग नियन्त्रण कार्यक्रम संचालन मार्गदर्शन** :

रानिखेत रोग पारामिग्जो भाइरस समूहको विषाणुबाट पंक्षीमा लाग्ने अति खतरनाक महामारी रोग हो । नेपालमा यो रोग परापूर्वकाल देखी पंक्षीमा वेलावखत महमारीको रुपमा फैलने गरेको पाइन्छ । यो रोग सवै उमेर समूहका पक्षीमा देखा परि महामारीको रुपमा फैलदा अत्याधिक संख्यामा पंक्षीहरु विरामी हुने तथा मर्न सक्ने हुंदा कुखुरा पालन व्यवसायमा यो रोगले ठूलो आर्थिक क्षति हुने गरेको छ । ब्यबसायिक रुपमा पालन गरिने कुखुराहरुमा ब्यबसायी स्वयम्ले यो रोग बिरुद्ध अनिवार्य रुपमा खोप कार्य संचालन गर्ने गरेको तर स्थानिय कुखुरा पालक कृषकहरुमा आर्थिक अभाव, कोल्डचेनको ब्यबस्थापनको असुबिधाका साथै जनचेतनाको अभावमा यो रोग बिरुद्ध खोप कार्य संचालन गर्ने गरिएको पाइदैन । स्थानीय कुखुरा पालक कृषकमा बिद्यमान समस्याहरुको समाधानको लागि स्वदेशमै केन्द्रीय जैविकी उत्पादन प्रयोगशालामा तापक्रमले कम असर गर्ने रानिखेत खोपको उत्पादन भै रहेको अवस्थालाई समेत मध्यनजर गर्दै ग्रामीण स्तरका स्थानीय कुखुरा पालक कृषकहरु माभm यो खोपको सहज उपलब्धताको सुनिश्चितता गराई स्थानीय पंक्षीहरुको संरक्षण गरी न्यून आय भएका कृषकहरुको आय आर्जनमा टेवा पुर्‍याउन राष्ट्रिय रानिखेत नियन्त्रण कार्यक्रम संचालन गर्न जिल्ला पशु सेवा कार्यालयहरु मार्फत कार्यान्वयन प्रकृयाको सुरुवात गरिएको छ ।

स्थानिय स्तरमा न्यून आय भएका कृषक माभm सहज आय आर्जनको लोकप्रिय तथा जीविकोपार्जनमा महत्वपूर्ण हिस्सा ओगटेको स्थानिय पंक्षीपालन व्यवसायको संरक्षण तथा स्वास्थ्य सम्वर्द्धन गर्दे देशको लागि आवश्यक मासुजन्य प्रोटीनको उत्पादनमा योगदान गरी ग्रामीणस्तरमा बिद्यमान कुपोषणलाई न्यूनिकरण गर्दै आत्मनिर्भर तुल्याउन तथा राष्ट्रिय अर्थतन्त्रमा परेको नकारात्मक प्रभावलाई न्यूनिकरण गर्न राष्ट्रिय रानिखेत नियन्त्रण कार्यक्रम संचालनले महत्वपूर्ण योगदान पुर्‍याउने छ । यो कार्यक्रम अन्तरगत स्थानिय कुखुराको संख्या अत्याधिक रहेको जिल्लाहरुमा राष्ट्रिय अभियानको रुपमा निःशुल्क खोप कार्य संचालन, आउटव्रेक नियन्त्रण, जनचेतना अभिवृद्धि लगायतका कार्यक्रमहरु संचालन गरिनेछ ।

**कार्यक्रम संचालन प्रकृया**

- यो कार्यक्रम उपलब्ध श्रोत साधनको आधारमा जिल्लाका स्थानिय पंक्षीको संख्याको आधार जिल्लाहरु छनौट गरी कार्यक्रम सचांलन गरिने छ ।
- कार्यक्रम संचालन गर्न छनौट भएका जिल्लामा रहेको स्थानिय पंक्षीको संख्याको आधार खोप गर्न पर्ने संख्या निर्धारण गर्नु पर्नेछ ।
- भ्याक्सिनेसन कार्यक्रम दोस्रो र तेस्रो चौमासिकमा सम्पन्न गर्नु पर्नेछ ।
- भ्याक्सिन गर्नको लागि जिल्ला पशु सेवा कार्यालयहरुले लक्षित संख्या हेरी भ्याक्सिनेटर (ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता, निजीस्तरमा कार्यरत भटेरीनरी जेटी/जेटीए, ईच्छुक निजीस्तरमा कार्यरत पशु स्वास्थ्य प्राविधिक तथा आवश्यक परेको अवस्थामा सरकारी सेवामा रहेका प्राविधिकहरु) नियुक्त गरी काममा लगाउन पर्नेछ ।
- भ्याक्सिनेटरहरुलाई नियुक्ति गरिएको नामावली पशु स्वास्थ्य निर्देशनालय र सम्वन्धित क्षेत्रिय पशु सेवा निर्देशनालयमा अनिवार्य रुपमा पठाउन पर्नेछ ।

- जिल्ला पशु सेवा कार्यालयमा कार्यरत पशु चिकित्सकको नेतृत्वमा आवश्यक संख्यामा भ्याक्सिनेटरहरुको टोली गठन गरी सम्बन्धित सेवाकेन्द्र/उपकेन्द्रको प्रत्यक्ष सुपरिबेक्षणमा परिचालन गर्नु पर्नेछ ।
- भ्याक्सिनेसन कार्यक्रम संचालनको लागि आवश्यक खोप केन्द्रिय जैबिकी उत्पादन प्रयोगशालाले उत्पादन गर्नु पर्नेछ ।
- राष्ट्रिय रानिखेत रोग नियन्त्रण कार्यक्रमको लागि आवश्यक खोप, खोप लगाउन आवश्यक अन्य सामाग्रि तथा खोप लगाइएका पंक्षीलाई खुवाउन आवश्यक जुकाको औषधि पशु स्वास्थ्य निर्देशनालयले जिल्ला पशु सेवा कार्यालयहरुलाई निःशुल्क उपलब्ध गराउने छ ।
- जिल्ला पशु सेवा कार्यालयले जिल्लामा रहेको स्थानिय तथा व्यवसायिक कुखुराको तथ्यांक अध्याबधिक तथा व्यवस्थापन गरि राख्नु पर्ने छ तथा सोको प्रतिवेदन पशु स्वास्थ्य निर्देशनालय र क्षेत्रीय पशु सेवा निर्देशनालयमा पठाउनु पर्नेछ ।
- जिल्ला पशु सेवा कार्यालयहरुले खोप कार्य संचालन गर्नको लागि पकेट रहेको क्षेत्र पहिचान गरि जोखिम विश्लेषणको आधारमा खोप लगाउन पर्ने क्षेत्र एकिन गर्नु पर्नेछ ।
- कार्यक्रम संचालन गर्नु पूर्व खोप लगाउने क्षेत्रका सरोकारवालाहरुसंग बिबिध बिषयमा अन्तरक्रिया गर्नु पर्नेछ ।
- जिल्लामा गठन गरिएको भ्याक्सिनेशन टोलिहरुले खोप कार्य संचालन गर्दा सम्भव भए सम्म कूल बक्स/थर्मसमा संचय गरेको भ्याक्सिन तथा अन्य आवश्यक सामग्री लिई तोकेको ठाउंमा गई भ्याक्सिनेसन गरी जुकाको औषधि खुवाउन पर्नेछ ।
- खोप कार्य संचालन गर्न साधारण सिरिन्ज बा ड्रपरको प्रयोग गर्नु पर्नेछ ।
- खोप कार्यको विवरण तोकिएको फारममा भरी सो फारममा समुह भएको क्षेत्रमा समुहको प्रतिनिधि समेतको र समुह नभएका क्षेत्रमा स्थानिय किसानहरुबाट प्रमाणित गराई खोप कार्य सम्पन्न गरिएको मुचुल्का संलग्न गर्नु पर्नेछ ।
- खोप कार्य संचालनको समय तालिका १५ दिन अगावै पशु स्वास्थ्य निर्देशनालय, क्षेत्रीय पशु सेवा निर्देशनालय र सम्बन्धित क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशालालाई जानकारी गराउनु पर्नेछ ।
- खोप कार्यक्रम संचालन रहेको अवधिमा वा सम्पन्न भए पछि केन्द्रीय तथा क्षेत्रीय निकायहरुले अनुगमन र मूल्याङ्कन गर्नु पर्नेछ ।
- जिल्ला पशु सेवा कार्यालयहरुले रोग देखा परेको क्षेत्रबाट क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशालासंग समन्वय गरि नमूना संकलन गरि पठाउन पर्नेछ । यसरी प्राप्त हुने नमूनामा क्षेत्रीय प्रयोगशालाहरुले उपलब्ध परिक्षण विधिबाट शिघ्र परिक्षण गरि थप परिक्षणको लागि माथिल्लो प्रयोगशालामा नमूना पठाउन पर्नेछ ।
- रोग सम्वन्धमा जनचेतना अभिवृद्धि गर्न सूचनामूलक सामग्री तयार तथा वितरण गर्नु पर्नेछ ।
- सम्पन्न कार्यको प्रगती बिवरण नियमित रुपमा पशु स्वास्थ्य निर्देशनालयमा समेत अनिवार्य रुपमा पठाउन पर्नेछ ।

**आर्थिक कार्यविधि**

- प्रत्येक जिल्ला पशु सेवा कार्यालयलाई कार्यक्रम तथा वजेट उपलब्ध गराईनेछ ।
- उपलब्ध कार्यक्रम तथा वजेट प्रयोग गर्दा प्रचलित नियम अनुसार गर्नु पर्नेछ ।

- भ्याक्सिनेशन गरे वापत प्रत्येक भ्याक्सिनेटरलाई प्रति गोटारु १ का दरले सेवा शुल्क दिनु पर्नेछ ।
- जुन खर्च शिर्षकमा रकम उपलब्ध भएको छे सोहि शिर्षकमा मात्र खर्च गर्नु पर्नेछ ।
- भ्याक्सिनेटरलाई आवश्यक भएमा कार्य संचालन गर्नको लागि पेश्की उपलब्ध गराउनु पर्ने भएमा आर्थिक ऐन तथा नियमावलि बमोजिम समयमै फछ्र्यौट हुने गरी दिनु पर्नेछ । यसरी दिईएको पेश्की फछ्र्योट गराउने कर्तब्य सम्वन्धित जिल्ला पशु सेवा कार्यालयका लेखा प्रमुख र कार्यालय प्रमुखको हुनेछ ।
- कार्यक्रम संचालन गर्दा प्रयोगमा आउने सबै विल भरपाईहरुमा प्रचलित आर्थिक ऐन तथा नियमावलि बमोजिम सिलसिलेबार नम्वर राखी प्रमाणित भएको हुनु पर्नेछ ।
- सवारी ईन्धन प्रयोग गर्दा लगबुक अनिवार्य रुपमा भरी सवारी प्रयोग गर्ने अधिकारीको अनिवार्य दस्तखत हुनु पर्नेछ ।
- भ्याक्सिनेशन गरेको स्पष्ट प्रगती विवरण तोकिएको फारम अनुसार अनिवार्य रुपमा तोकिएको निकायमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद ६

## रेविज भ्याक्सिन वैंक संचालन व्यवस्थापन

### भूमिका

रेबिज रोग मानव, पशु तथा अन्य स्तनधारी जनावरमा लाग्ने अति खतरनाक प्राणघातक जुनोटिक रोग हो । बिश्व परिबेश संगै नेपालमा पनि परापूर्वकाल देखि देशका बिभिन्न स्थानमा प्रकोपको रुपमा समय समयमा देखा पर्दै आएको रेविज रोगका कारण वर्षेनी १५० जना भन्दा वढि मानिस तथा ३५० भन्दा वढि पशु यस रोगबाट मर्ने गरेको प्रकाशित अभिलेखहरुमा उल्लेख भएको पाइन्छ । तथापी समयमै यो प्राणघातक रोग बिरुद्ध खोप लगाउन सकेमा रोग लाग्न तथा रोगका कारण मृत्युहुनबाट वच्न र बचाउन सकिन्छ । नेपालमा पशुहरुमा प्रयोग हुने अन्तर्राष्ट्रिय स्तरको रेविज खोप उत्पादन गर्न सकिने प्रविधिस्थापित भई खोप उत्पादन समेत भैरहेको छ ।

रेबिज जस्तो प्राणघातक जुनोटिक रोग खोपको माध्यमबाट रोकथाम तथा नियन्त्रण गरी जनस्वास्थ्य एवं पशुधन संरक्षणमा टेवा पुऱ्याउने उद्देश्य अनुरुप रेबिज रोगको जोखिममा आउने पशुलाई शिघ्रातिशिघ्र खोप उपलब्ध गराउन सकियोस भन्ने उद्धेश्यका साथ देशका पांच वटै बिकास क्षेत्रमा रहेका क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशालाहरुमा रेबिज भ्याक्सिन बैंक स्थापना गरी खोप संचय तथा संचालनको लागि यो कार्यविधि तर्जुमा गरि लागु गरिएको छ ।

### १. संक्षिप्त नाम र प्रारम्भः

(क) यो कार्यविधिको नाम पशु स्वास्थ्य कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७० रहेको छ ।

ख) कार्यविधिको परिच्छेद ६ रेविज भ्याक्सिन वैंक व्यवस्थापन तथा परिचालनको गर्ने प्रयोजनको लागि तत्काल लागु हुनेछ ।

### २.उद्धेश्य

नेपालमा वर्षेनि लगभग ३८००० मानिसलाई रेबिज बिरुद्ध प्रतिरोधात्मक खोप प्रयोग भएको पाइन्छ । हाल नेपालमा रेबिज रोगको निदान सेवा केन्द्रीय पशु रोग अन्वेषण प्रयोगशाला, त्रिपुरेश्वरमा मात्र उपलब्ध भएको र रेबिज भ्याक्सिन उत्पादन प्रयोगशाला, त्रिपुरेश्वरबाट बर्षेनी ५०,००० मात्रा सेल कल्चर खोप पशुहरुमा प्रयोग प्रयोजनको लागि उत्पादन हुने गरेको छ ।

कुनै पनि पशुवस्तुलाई रेबिज रोगको बिषाणु बोकेको वा संक्रमण भएको जनावरले टोक्ने बित्तिकै रेबिज बिरुद्ध खोप लगाउनुको लागि खोपको सुलभ आपूर्ति नभएको र खोप उपलब्ध भएको अवस्थामा समेत खोपको मूल्य अत्याधिक भएकोले ग्रामिण स्तरका आर्थिक रुपले कमजोर अवस्थामा रहेका कृषक बर्गले खोपको प्रयोग गर्न नपाउदा मूल्यवान पशुधन रेबिज रोगका कारण गुमाई ठूलो आथिक व्ययभार ब्यहोर्न परिरहेको अवस्था बिद्यमान रहेको छ । अर्को तर्फ यस्ता संक्रमित वस्तुको प्रत्यक्ष सम्पर्कमा रहने मानिस तथा अन्य वस्तुमा समेत संक्रमित जनावरको टोकाइका कारण रेविज रोगको उच्च जोखिममा रहेको छ । यस्तो अवस्थामा रेबिज रोगको संक्रमण मानिसमा समेत सर्न गई मृत्यु हुने उच्च

जोखिम न्यूनिकरण गर्न शिघ्रातिशिघ्र खोप उपलब्ध गराउने उद्धेश्य अनुरुप पांच वटै बिकास क्षेत्रका क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशालाहरुमा रेबिज भ्याक्सिन बैंक स्थापना गरी व्यवस्थापन गर्ने ।

## ३. रेविज भ्याक्सिन वैंक व्यवस्थापन विधी

क). रेविज भ्याक्सिन उत्पादन प्रयोगशालाले रेविज भ्याक्सिन वैंककोलागि खोपको मात्रा वार्षिक कार्यक्रममा स्वीकृत भए अनुसार उत्पादन गर्नु पर्नेछ । यसरी भ्याक्सिन बैकंका लागि उत्पादन गरिने खोपमा फरक प्रकारको लेवल प्रयोग गर्नु पर्नेछ र सो खोपमा अनिवार्य रुपमा सरकारी प्रयोगको लागि मात्र (निःशुल्क) भनि उल्लेख गर्नु पर्नेछ । भ्याक्सिन वैंकको लागि उत्पादित खोप प्रयोगशालाले पशु स्वास्थ्य निर्देशनालयलाई निःशुल्क उपलब्ध गराउनु पर्नेछ ।

ख) त्यसरी रेबिज भ्याक्सिन बैंकको स्थापनाको लागि पशु स्वास्थ्य निर्देशनालयमा प्राप्त भएको खोप प्रत्येक क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशालाहरुमा आवश्यकता अनुसार प्रयोग गर्नको लागि उपलब्ध गराउनु पर्नेछ । रेबिज भ्याक्सिन बैंकको स्थापना गर्दा शुरुमा प्रत्येक क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशालामा दुई हजार मात्रा रेबिज खोप उपलब्ध गराउनु पर्नेछ । त्यस पछिका बर्षहरुमा क्षेत्रगत रेबिज रोगको संक्रमणको आधारमा पशु स्वास्थ्य निर्देशनालयले भ्याक्सिन बैकंमा खोपको मात्रा थप्न अथवा घटाउन सक्नेछ ।

ग) क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशाला (भ्याक्सिन बैकं) सम्म खोपको सुरक्षित ढुवानी गर्ने जिम्मेवारी पशु स्वास्थ्य निर्देशनालयको हुनेछ ।

घ) क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशालाहरुले प्राप्त रेविज खोपको नियमानुसार दाखिला गरि छुट्टै लगत तयार गरी राख्ने र खोपको गुणस्तर बिग्रिन नदिन उपयुक्त चिस्यान व्यवस्थापन गरि सुरक्षित साथ भण्डारण गरी पर्नेछ । बैंकमा संचित खोपको म्याद गुज्रिई नोक्सान हुन नदिन पशु स्वास्थ्य निर्देशनालयले आवश्यकता अनुसार खोप अन्यत्र जुनसुकै क्षेत्रमा समेत पठाउनु सक्नेछ ।

ङ) जिल्ला पशु सेवा कार्यालयहरुले आफ्नो कार्य क्षेत्रमा रेविज रोग देखा परेमा रोग देखा परेको अनुसुचि १ बमोजिमको विस्तृत रोग अन्वेषण प्रतिवेदन सहितको जानकारी ई.मेल वा फ्याक्स वा पत्रबाट तत्काल क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशाला, क्षेत्रीय पशु सेवा निर्देशनालय, भेटेरिनरी इपिडेमियोलोजी केन्द्र तथा पशु स्वास्थ्य निर्देशनालयमा उपलब्ध गराउन पर्नेछ । यसरी प्रतिवेदन पेश गर्दा रोगको जोखिममा रहेका पशु संख्या अनिवार्य रुपमा उल्लेख गरि रोगको नियन्त्रणको लागि आवश्यक खोपको विवरण समेत उल्लेख गरेको हुनु पर्नेछ । रोगको अन्वेषण रिपोर्ट तयार गरी पठाउनु पूर्ब सम्बन्धित क्षेत्रमा पशु चिकित्सक वा प्राबिधिकले अनिवार्य रुपमा भ्रमण गरेको हुनु पर्नेछ ।

च) जिल्ला पशु सेवा कार्यालयहरुले रोग देखा परेको क्षेत्रबाट क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशालासंग समन्वय गरि नमूना संकलन गरि पठाउन पर्नेछ । यसरी प्राप्त हुने नमूनामा क्षेत्रीय प्रयोगशालाहरुले उपलब्ध परिक्षण विधिबाट शिघ्र परिक्षण गरि थप परिक्षणको लागि केन्द्रीय पशु रोग अन्वेषण प्रयोगशालामा नमूना पठाउन पर्नेछ ।

छ) नमूना परिक्षण नतिजाको आधारमा वा सो प्राप्त गर्न ढिलाई हुन सक्ने सम्भावना भएमा रोग सम्वन्धी विस्तृत जानकारी पशु स्वास्थ्य निर्देशनालयमा छिटोछरितो माध्ययमबाट (फोन, ई.मेल, फ्याक्स, पत्र) जानकारी गराउन पर्नेछ । सो को आधारमा पशु स्वास्थ्य निर्देशनालयले क्षेत्रीय प्रयोगशाला (भ्याक्सिन बैंक) लाई आवश्यक निर्देशन दिई सम्बन्धित जिल्ला पशु सेवा कार्यालयहरुलाई समेत जानकारी उपलब्ध गराउन पर्नेछ । निर्देशन कार्यान्वयन गर्न भ्याक्सिन बैंक संचालक तथा सम्बन्धित जिल्ला पशु सेवा कार्यालयहरुले आवश्यक ब्यबस्था मिलाउनु पर्नेछ ।

ज) जिल्ला पशु सेवा कार्यालयहरुले यसरी प्राप्त खोप सुरक्षित साथ भण्डारण गरी आवश्यकता अनुसार प्रयोग गर्नु पर्नेछ । रोग देखा परेको क्षेत्रमा खोप प्रयोग गरे पश्चात सो को विस्तृत प्रगति प्रतिवेदन अनिवार्य रुपमा क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशाला, क्षेत्रीय पशु सेवा निर्देशनालय, भेटेरिनरी इपिडेमियोलोजी केन्द्र तथा पशु स्वास्थ्य निर्देशनालयमा उपलब्ध गराउन पर्नेछ ।

झ) क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशालामा मौज्दात खोप तथा जिल्ला पशु सेवा कार्यालयहरुमा उपलब्ध गराइएको खोपको अनुसुचि २ बमोजिम चौमासिक विवरण अनिवार्य रुपमा पशु स्वास्थ्य निर्देशनालयमा उपलब्ध गराउन पर्नेछ ।

ञ) क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशालामा (भ्याक्सिन बैंक) खोपको मात्रा कम भएमा सोको जानकारी तत्काल पशु स्वास्थ्य निर्देशनालयमा उपलब्ध गराउन पर्नेछ । पशु स्वास्थ्य निर्देशनालयले आवश्यकता अनुसार प्रयोग नभएका स्थानबाट खोपलाई आवश्यक क्षेत्रमा स्थानान्तरण गरी स्टक व्यवस्थापन गर्न सक्नेछ ।

त) क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशालाहरुले क्षेत्रीय स्तरमा रेबिज रोगको जोखिम विश्लेषण गरी आफ्नो क्षेत्रमा वार्षिक रुपमा आवश्यक पर्न सक्ने खोपको मात्राको पूर्व अनुमान गरि अनिवार्य रुपमा प्रत्येक आर्थिक वषको शुरुमा पशु स्वास्थ्य निर्देशनालयमा माग गरी पठाउन पर्नेछ ।

थ) रोगको प्रकोप वढि भएका स्थानमा रोग नियन्त्रण गर्न आवश्यक खोपका साथै अन्य सामग्रीहरु ( सिरिन्ज, निडल, स्प्रिट, आयोडिन आदी) जिल्ला पशु सेवा कार्यालयलाई आवश्यक परेमा क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशाला तथा पशु स्वास्थ्य निर्देशनालयले आवश्यकता सहयोग गर्नु पर्नेछ । जिल्ला पशु सेवा कार्यालयले स्थानिय सरोकारवाला संघसंस्था तथा निकायहरुसंग समन्वय गरी खोप कार्य संचालन गर्नु पर्नेछ ।

द) खोप भण्डारण, रोग निदान, रोग रिपोर्टिङ्ग तथा नियन्त्रण कार्य संचालनको नियमित रुपमा अनुगमन क्षेत्रीय स्तर तथा केन्द्रीय स्तरका निकायहरुबाट गर्नु पर्नेछ ।

अनुसूचि १

## रेविज रोग देखा परेको स्थानमा गरिने अन्वेषण प्रतिवेदन

जिल्ला पशु सेवा कार्यालय................................
मिति..................................................

- रेविज रोग देखा परेको क्षेत्र (फार्म, गा.वि.स., वार्ड, व्यक्तिगत विवरण)
- रोग फैलिएको वडा संख्या., गा.वि.स.हरु वा न.पा.हरु :
- रेविज रोग देखा परेको क्षेत्रको भौगोलिक अवस्था :
- रोग पहिलो पटक देखा परेको मिति र समय :
- रोग देखा परेको पशु जात, किसिम, उमेर :
- विरामी पशु संख्या :
- मरेको पशु संख्या :
- जोखिममा रहेको पशु संख्या :
- रोगको लक्षण :
- रोगको फैलावटको नक्सा वा क्रम :
- रोगको पहिचान गर्न संकलित नमूना :
- नमूना पठाइएको प्रयोगशाला तथा मिति :
- रोग सम्वन्धी अन्य सूचना वा जानकारी :
- रोगको वर्तमान अवस्था :
- रोग नियन्त्रण गर्न गरिएको प्रयास :
- रोगको नियन्त्रणमा सहभागि प्रमुख व्यक्तिको नाम तथा फोन नं :

अनुसुचि २

.....................................चौमासिक प्रतिवेदन

क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशाला..............
खोप संचित मात्रा............................
खोपको Expiry मिति ......................
यो चौमासिकमा कुल आउटब्रेक संख्या............

जिल्लामा देखा परेको आउटब्रेक अनुसारको विवरण

| सि.नं | जिल्ला | ठेगाना - गा.बि.स., वार्ड | खोप पठाइएको मिति | पठाइएको खोपको मात्रा | खोपको प्रगति प्राप्त भए नभएको | नमूना प्राप्त भए नभएको | प्रयोगशाला परिक्षणको प्राप्त नतिजा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |